सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२ फागुन २०८२, शनिबार (14 Feb 2026, Saturday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २९६ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-



झ्यालबाट

रिलमा भिलेन
रियलमा हिरो

सुनिलका लागि बलिउडबाट ठुलो अवसर आयो। सुनिल अनकनाए। मैले नै ठेलेर सुनिललाई बलिउडमा पठाएँ।



अभिच्युअरी

तुलसी घिमिरे, चलचित्र निर्देशक

डाक्टरले देखेको देश



फोटोग्राफर डाक्टर

डा. गोविन्द केसी

चार दशकअघि बंगलादेशमा एमबिबिएस पढ्दा पाएको छात्रवृत्ति जोगाएर क्यामेरा किर्नै, त्यहीबाट सुरु भयो मेरो फोटोग्राफी

क्रिकेट विश्वकपमा नेपालीको घुइँचो



मुम्बई डायरी

रमेश सुवेदी

मुम्बईमा मरिन ड्राइभ, गेट वे अफ इन्डिया र जुहुबिचमा धेरै भिड लाग्ने रहेछ। विश्वकप चलिरहँदा यी ठाउँमा अधिकांश नेपाली नै देखिए।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

बंगलादेशमा बिएनपीलाई दुईतिहाइ जनादेश

डेढ वर्ष लामो राजनीतिक संक्रमण अन्त्य गर्ने गरी बंगलादेशमा अन्तरिम सरकारले गराएको संसदीय निर्वाचनमा बिएनपीलाई दुईतिहाइ बहुमत

बिएनपीको जित लामो राजनीतिक असन्तोष, युवा आन्दोलन, अवामी लिगको प्रतिबन्ध र परिवर्तनको आकांक्षाको सामूहिक अभिव्यक्ति



● **मधुरमण आचार्य**
बंगलादेशका लागि पूर्वराजदूत

बंगलादेशमा निर्वाचनमार्फत मूलधारको परिपक्व तथा स्थापित राजनीतिक दलले सरकार गठन गर्दै छ। अतिवादी शक्तिलाई बंगलादेशका जनताले मन पराएनन्, अनुभवी दललाई उनीहरूले छानेका छन्। बंगलादेशको राजनीतिक स्थिरता र क्षेत्रीय स्थिरताका लागि यो सकारात्मक परिस्थिति हो।



● **डा. वंशीधर मिश्र**
बंगलादेशका लागि पूर्वराजदूत

मूल्य र मान्यतामा आधारित दलले बंगलादेशमा विजय प्राप्त गरेको छ। स्थिरता, सुशासन, लोकतान्त्रिक मूल्य-मान्यताले जितेको छ। बंगलादेशका जनता कट्टरताका पक्षमा उभिएनन्। भारतसँग बंगलादेशको सम्बन्ध सहज हुनु भौगोलिक बाध्यता हो। नेपालसँग बिएनपी वा अवामी लिग दुवैको सम्बन्ध सकारात्मक छ।

पर्शुराम काफ्ले/नयाँ पत्रिका

सन् २०२४ मा भएको विद्यार्थी नेतृत्वको आन्दोलनपछि सम्पन्न पहिलो प्रतिस्पर्धात्मक तथा तुलनात्मक रूपमा स्वतन्त्र मानिएको संसदीय निर्वाचनमा बंगलादेश नेसनलिस्ट पार्टी (बिएनपी)ले दुईतिहाइ बहुमतसहित ऐतिहासिक विजय हासिल गरेको छ। यो परिणामलाई लामो राजनीतिक असन्तोष, युवा आन्दोलन र परिवर्तनको आकांक्षाको सामूहिक अभिव्यक्तिका रूपमा विश्लेषण गरिएको छ।

तारिकलाई नेपाल, भारत र विश्वकै बधाई

डेढ वर्षअघि नागरिक विद्रोहले शेख हसिना नेतृत्वको सरकार ढालेपछि भएको यो पहिलो संसदीय निर्वाचन हो। सन् २००९ देखि निरन्तर सत्तामा रहेकी हसिना विद्यार्थी आन्दोलनको दबाबपछि पदमुक्त भई हाल भारतको नयाँदिल्लीमा निर्वासनमा छिन्।

निर्वाचनबाट करिब दुई दशक प्रताडित भएको र दबिएको बिएनपी उदाएको छ। १३औँ संसदीय निर्वाचनको परिणामलाई बंगलादेशको राजनीतिमा नयाँ अध्यायको प्रारम्भका रूपमा हेरिएको छ। वर्षौंसम्म प्रतिस्पर्धाविहीन चुनावको आरोप झेलेको देशमा यसपटक तुलनात्मक रूपमा शान्तिपूर्ण वातावरणमा मतदान सम्पन्न भएको छ।

» पृष्ठ २ मा क्रमशः

बिएनपीका अध्यक्ष तारिक रहमान अबका प्रधानमन्त्री

कुल : ३०० सिट। नतिजा : २९७ सिट

बंगलादेश नेसनलिस्ट पार्टी (बिएनपी) : २०९
जमात (जेआइबी) : ६८। एनसिपी : ६। अन्य : १४

(ढाका ट्रिब्युनका अनुसार चटगाउँ २ र चटगाउँ ४ को नतिजा कानुनी जटिलताका कारण रोकिएको छ। शेरपुर ३ मा एक उम्मेदवारको निधन भएका कारण त्यहाँ मतदान स्थगित भएको छ।)



बिएनपी अध्यक्ष तारिक रहमानले अर्को साता प्रधानमन्त्रीको शपथ लिँदै छन्

■ को हुन् तारिक ?

बंगलादेश नेसनलिस्ट पार्टी (बिएनपी)को निर्णायक विजयसँगै अध्यक्ष तारिक रहमान बंगलादेशका प्रधानमन्त्री हुने निश्चित भएको छ। बंगलादेशमा २९ माघमा भएको संसदीय निर्वाचनमा बंगलादेश नेसनलिस्ट पार्टी (बिएनपी)ले दुईतिहाइ मत पाएसँगै अर्को साता सरकार गठनको तयारी थालेको छ।

बिएनपी अध्यक्ष रहमानले अर्को साता प्रधानमन्त्रीको शपथ लिँदै छन्। रहमान १७ वर्ष बेलायतमा निर्वासनपछि गत वर्ष स्वदेश फर्किएका थिए। उनका पिता जियाउर रहमानले सन् १९७८ मा पार्टी स्थापना गरेका थिए भने उनकी आमा वेगम खालिदा जिया दुईपटक प्रधानमन्त्री बनेकी थिइन्।

जियालाई अदालतले भ्रष्टाचार अभियोगमा १७ वर्ष जेल सजायको फैसला सुनाएपछि तारिक सन् २०१८ देखि बिएनपीको कार्यवाहक अध्यक्ष थिए। यस वर्ष जियाको निधनपछि तारिक पार्टी अध्यक्ष भएका थिए। उनी बंगलादेशका सातौँ राष्ट्रपति जियाउर रहमानका जेठा छोरा हुन्। बंगलादेशमा हसिनाको सत्ता ढलेकै दिन बिएनपी अध्यक्ष तथा पूर्वप्रधानमन्त्री जिया रिहा भएकी थिइन्।

प्रधानमन्त्रीका रूपमा ६० वर्षीय तारिकले बंगलादेशको नेतृत्व सम्हाल्न लागेका छन्। उनी सन् २००९ मा बिएनपीको वरिष्ठ उपाध्यक्ष, सन् २०१८ देखि कार्यवाहक अध्यक्ष तथा यस वर्ष उनकी आमा वेगमको निधनपछि पार्टी अध्यक्ष भएका छन्। उनको नेतृत्वमा बिएनपीले दुईतिहाइ मत प्राप्त गरेको हो।

रहमान २००१ मा बिएनपीमा सक्रिय भएका थिए। बिबिसीका अनुसार २००२ मा तारिकले आफ्ना अभिभावकको राजनीतिक पदचापमा पछ्याउँदै पार्टी राजनीतिमा सक्रियता जनाए।

२००७ मा सैन्य समर्थित कामचलाउ सरकारको समयमा भ्रष्टाचार आरोपमा तारिक पक्राउ परेका थिए। अनुसन्धानका क्रममा प्रहरीले यातना दिएको उनको भनाइ थियो। उनी १८ महिना जेल बसेर रिहा भएका थिए। रहमान १७ वर्षपछि २५ डिसेम्बर २०२५ मा बंगलादेश फर्किए र पाँच दिनपछि उनकी आमा जियाको निधन भयो।

बिएनपीले विगतमा बंगलादेशमा दुईपटक सरकारको नेतृत्व गरेको छ। यो पार्टी सन् १९७८ मा पूर्वराष्ट्रपति जियाउर रहमानले स्थापना गरेका थिए। उनले आफ्नो राष्ट्रपतिकालमा बंगलादेशी राष्ट्रवादी राजनीतिक विचारधारा अघि सारेका थिए भने बजारमुखी आर्थिक सुधारको सुरुवात गरेका थिए।

सन् १९८१ मा जियाउरको हत्या भएपछि पार्टीको नेतृत्व उनकी पत्नी वेगम खालिदा जियाले गरेकी थिइन्। उनी दुईपटक (१९९१-१९९६ र २००१-२००६) प्रधानमन्त्री भइन्। सन् १९९१ मा सैन्य कुपछि बंगलादेशमा संसदीय लोकतन्त्र पुनर्स्थापना गरेको श्रेय पनि उनलाई जाने गरेको छ। यद्यपि, त्यसवेला भ्रष्टाचार नियन्त्रण गर्न नसकेको, कमजोर संस्थागत नियन्त्रण भएकोलगायत आरोप लाग्ने गरेको छ।

हेडक्वार्टरबाट तराईका जिल्लामा खटाइए ४४ डिएसपी र ११० इन्स्पेक्टर





● **अविनारायण काफ्ले,** प्रवक्ता, प्रहरी

तुलनात्मक रूपमा सुरक्षाका दृष्टिकोणले तराईका जिल्ला बढी संवेदनशील छन्। सुरक्षा चुनौतीको विश्लेषण गरेर तराईमा थप अधिकृत खटाउने निर्णय भएको छ, सकेसम्म एउटा पालिकामा दुईजना इन्स्पेक्टर रहने गरी प्रहरी परिचालित हुन्छन्।

फागुनको दोस्रो सातादेखि उपत्यकाबाट १३ हजार जनशक्ति बाहिर खटाउने तयारी

नयाँ पत्रिका

निर्वाचनको मिति नजिकिँदै गर्दा प्रहरी प्रधान कार्यालयले जिल्लाहरूमा थप जनशक्ति खटाउन थालेको छ। सुरक्षा संवेदनशीलताका आधारमा प्रहरी प्रधान कार्यालयले तराईका जिल्लामा ४४ डिएसपी र ११० इन्स्पेक्टरलाई खटाएको छ।

काठमाडौं उपत्यकाभित्र कार्यरत रहेका प्रहरी अधिकृतलाई अप्रेसन कमान्डरका रूपमा विभिन्न क्षेत्रमा खटाइएको हो। थप मद्दतका लागि खटिएका उनीहरूले आइतबारदेखि तोकिएको क्षेत्रमा जिम्मेवारी सम्हाल्नेछन्।

तराईका जिल्लामा बढी सुरक्षा चुनौती रहेको र जनशक्ति अपुग भएकाले उनीहरूलाई परिचालन गरिएको प्रहरी प्रवक्ता डिआइजी अविनारायण

» पृष्ठ २ मा क्रमशः

■ जसपा नेपालको प्रतिबद्धतापत्र

संविधान पुनर्लेखनका लागि उच्चस्तरीय आयोगको प्रस्ताव

नयाँ पत्रिका

आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनमा जनता समाजवादी पार्टी नेपाल संविधान पुनर्लेखनलाई मुख्य एजेन्डा बनाउँदै चुनावी मैदानमा उत्रिएको छ। अध्यक्ष उपेन्द्र यादवले शुक्रबार सार्वजनिक गरेको पार्टीको चुनावी प्रतिबद्धतापत्रमा संविधान पुनर्लेखनका लागि उच्चस्तरीय आयोग गठन गर्ने प्रस्ताव छ।

जसपाले संविधानविद् सम्मिलित उच्चस्तरीय पुनरावलोकन आयोग गठन गरी त्यसको सुझावका आधारमा संविधान संशोधन, परिमार्जन तथा पुनर्लेखन गर्नुपर्ने धारणा राखेको हो। विद्यमान शासकीय स्वरूप, निर्वाचन प्रणाली र न्याय प्रणालीलाई यथावत् राखेर संघीय समाजवादी व्यवस्थाको आधारशिला

» पृष्ठ २ मा क्रमशः



■ चुनावी प्रतिबद्धतापत्रका मुख्य बुँदा

▷ भ्रष्टाचार नियन्त्रणलाई प्रभावकारी बनाउन जनलोकपालको व्यवस्था गर्ने तथा ०४७ सालदेखि हालसम्मका निर्वाचित जनप्रतिनिधि, प्रधानमन्त्री, मन्त्री, उच्चपदस्थ कर्मचारी, सुरक्षा निकायका अधिकारी र संवैधानिक निकायका पदाधिकारीहरूको सम्पत्ति छानबिन गर्ने

▷ युवा पुस्तालाई लोकतान्त्रिक, समावेशी र उत्पादनमुखी राष्ट्रिय पुनर्निर्माणमा परिचालन गर्ने

▷ स्वास्थ्य बिमा प्रणाली सुधार गर्ने तथा स्वास्थ्य सेवालाई नागरिककेन्द्रित, निःशुल्क र गुणस्तरीय बनाउने, प्रत्येक प्रदेशमा कम्तीमा एक अत्याधुनिक बहुविशिष्ट अस्पताल स्थापना गर्ने

▷ शिक्षाको व्यापारीकरण रोक्दै शिशु कक्षादेखि उच्च शिक्षासम्म निःशुल्क, सिपमूलक, प्रविधिमैत्री र गुणस्तरीय सार्वजनिक शिक्षा प्रणाली विकास गर्ने

▷ निःशुल्क कानुनी सहायता सुनिश्चित गर्ने

▷ वैदेशिक रोजगारीमा जाने नागरिकका लागि सिप विकास, प्रशिक्षण र लागत व्यवस्थापन रोजगारदाताबाट ग्यारेन्टी गराउने तथा 'फ्री भिसा, फ्री टिकट' नीति कडाइका साथ लागू गर्ने

चुनावी मैदानमा डाक्टर, कलाकार, पूर्वप्रहरीदेखि व्यवसायीसम्म



● **डा. अनिलविक्रम कार्की**
अध्यक्ष, नेपाल चिकित्सक संघ

प्राविधिक राजनीतिमा आउनुहुँदैन भन्ने भाष्य गलत हो। चिकित्सक सदनमा पुग्दा जनस्वास्थ्य नीति, उपचार पहुँच र मेडिकल शिक्षामा सुधार गर्न सहज हुन्छ।

शिवहरि घिमिरे, पवन बराइली

अप्रेसन थियटरको ढोका बन्द हुन्छ। भित्र सेकेन्ड-सेकेन्डको हिसाबमा जीवन र मृत्युको फैसला भइरहेको हुन्छ। बाहिर परिवारले सास रोकेर प्रतीक्षा गर्छन्। चिकित्सक हातमा स्केल्पेलदेखि स्टेथोस्कोपसम्मका औजार लिएर काम गरिरहेका हुन्छन्। उनीहरूको एउटा गल्तीले कसैको जीवन ढल्न सक्छ, सही कामले नयाँ सास फेर्न मौका दिन सक्छ।

एक सानो पनि गल्ती गर्ने छुट नभएका तथा कसैको ज्यानको सम्पूर्ण जिम्मेवारी हातमा लिएर काम गर्नुपर्ने पेसाका केही चिकित्सकले यसपालि मैदान बदल्ने निर्णय लिएका छन्। चुनावी राजनीतिको मैदानमा यसपालि दुई दर्जनभन्दा धेरै चिकित्सक उत्रिएका छन्। तर, उनीहरूको राजनीतिक भविष्यचाहिँ मतदाताको हातमा छ।

यसपटकको प्रतिनिधिसभा निर्वाचनमा थुप्रै मेडिकल डाक्टर अप्रेसन टेबुल छाडेर, स्केल्पेलदेखि स्टेथोस्कोप अस्पतालमै राखेर मतपेटिकातर्फ मोडिएका छन्। सधैं

» पृष्ठ २ मा क्रमशः

अप्रेसन थियटर छाडेर मतदाताको ढोका ढकढक्याउँदै डाक्टरहरू

यसपटक चुनावी मैदानमा उत्रिएका यी डाक्टरले जनताको विश्वास हासिल गरी संसद् पुगे र त्यहाँ दलीय चस्मा खोलेर काम गरे भने देशकै स्वास्थ्य प्रणालीमा ठुलो अप्रेसन गर्न सक्छन्


डा. सुवास यादव
(सिराहा ३)


डा. सुनील शर्मा
(मोरङ ३)


डा. तोसिमा कार्की
(ललितपुर २)


डा. रजनिश राय
(सर्लाही ४)


डा. धनबहादुर श्रेष्ठ
(काठमाडौं १०)


डा. राकेश न्यौपाने
(काठमाडौं १०)


डा. निकोलस भुसाल
(रुपन्देही २)


डा. सरोज यादव
(सर्लाही २)


डा. शेखर कोइराला
(मोरङ ६)


डा. लेखजंग थापा
(रुपन्देही २)


डा. मीनाक्षी ठाकुर
(महोत्तरी ३)



डा. राकेश मण्डल
(महोत्तरी २)



डा. आसुतोषविजय पन्त
(ललितपुर २)


डा. धनञ्जय हाथी
(महोत्तरी २)



डा. फिर्दोष आलम
(रौतहट २)


डा. राजनारायण झा
(महोत्तरी ३)


डा. शम्भुकुमार यादव
(सिराहा ३)


डा. सुरेन्द्रकुमार यादव
(महोत्तरी ४)


डा. प्रवीण स्याङ्तान
(मकवानपुर २)


डा. अर्चनशमशेर राणा
(काठमाडौं ४)

८ डाक्टर समानुपातिकमा

● **रास्वपा** : डा. अंकिता ठाकुर, डा. अनिता यादव, डा. रूपक विश्वकर्मा, डा. मनोहर प्रधान, डा. ओजस्वी शेरचन, डा. रामजी राम, डा. रञ्जित पञ्जियार

● **नेकपा** : डा. राजन झा

चुनावी प्रतिस्पर्धामा कलाकार

२१ फागुनको निर्वाचनमा दलहरूले गायक-गायिका, अभिनेता-अभिनेत्री, मोडल तथा टेलिभिजन कार्यक्रम प्रस्तोताहरूलाई पनि प्रतिस्पर्धामा उतारेका छन्। तीनजना प्रत्यक्षतर्फ नै उम्मेदवार छन् भने केहीको नाम दलहरूको समानुपातिक बन्दसूचीमा छ। अभिनेत्री निशा अधिकारी काठमाडौं ५ बाट चुनावी मैदानमा उत्रिएकी छिन्। गतिशील लोकतान्त्रिक पार्टीबाट उम्मेदवार बनेकी उनको चुनाव चिह्न ब्याट्री हो। चलचित्र 'मिसन पैसा'बाट सिने क्षेत्रमा लागेकी उनले 'अपवाद', 'नैना रेशम' 'पल', 'फर्स्ट लभ', 'आभाष', 'मिसन पैसा- २' लगायतका चलचित्रमा अभिनय गरेकी छिन्। अधिकारी सगरमाथा आरोहण गर्ने पहिलो अभिनेत्रीसमेत हुन्। सामाजिक सञ्जालमार्फत आफ्नो घोषणापत्र सार्वजनिक गरेकी उनले रोजगारी, महिला अधिकार, विकास तथा पूर्वाधार, खेलकुद र ज्येष्ठ नागरिकलगायतका विषय प्रमुख एजेन्डा रहेको बताएकी छिन्।

■ दुई पूर्वआइजिपी सहित नौ अवकाशप्राप्त प्रहरी पनि चुनावी मैदानमा

■ तीन दर्जनभन्दा धेरै उद्योगी-व्यवसायी प्रत्यक्षतर्फ उम्मेदवार

(विस्तृत पृष्ठ २)

जनवादी गायिका सिन्धु जलेशा नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का तर्फबाट पश्चिम नवलपरासी १ बाट चुनावी प्रतिस्पर्धामा उत्रिएकी छिन्। उनले 'मातृभूमि नेपाल हो...', 'चाहँदैमा सबै कुरा...'लगायत दर्जनौं गीतमा स्वर दिएकी छिन्। उनका 'हाम्री हजुरआमा...', 'तिजै आयो...'लगायतका

» पृष्ठ २ मा क्रमशः

हेडक्वार्टरबाट...

पृष्ठ १ बाट क्रमशः

काफ्लेले बताए। 'तुलनात्मक रूपमा सुरक्षाका दृष्टिकोणले तराईका जिल्ला बढी संवेदनशील छन्,' उनले भने, 'सुरक्षा चुनौतीको विश्लेषण गरेर तराईमा थप अधिकृत खटाउने निर्णय भएको छ, सकेसम्म एउटा पालिकामा दुईजना इन्स्पेक्टर रहने गरी प्रहरी परिचालित हुन्छन्।'

विगतका निर्वाचनमा तराईका जिल्लामा बढी समस्या हुने गरेका छन्। त्यसबाट पाठ सिकेर उच्च संवेदनशील मतदानस्थललाई केन्द्रित गरी वरिष्ठ प्रहरी अधिकारीहरू ती क्षेत्रमा खटाउन लागिएको छ। तराईका जिल्लामा मतदाता र मतदान केन्द्र पनि धेरै छन्। पहाडी तथा हिमाली जिल्लामा भने प्रहरी जनशक्ति लगभग पर्याप्त रहेको प्रहरी प्रधान कार्यालयले जनाएको छ। यद्यपि, केही जिल्लामा थप जनशक्ति खटाउने तयारी छ।

उपत्यकाबाट १३ हजार जनशक्ति बाहिर खटाउने तयारी

प्रहरी प्रधान कार्यालय तथा उपत्यकाका प्रहरी कार्यालयमा कार्यरत करिब १३ हजार प्रहरीलाई उपत्यकाबाहिरका जिल्लामा खटाइने भएको छ। फागुनको दोस्रो सातादेखि उनीहरूलाई खटाउने तयारी भइरहेको छ। काठमाडौं उपत्यकाका तीनै जिल्लामा निर्वाचनका लागि पर्याप्त प्रहरी भएकाले उपत्यका प्रहरी कार्यालयमातहतका पनि केही उपत्यकाबाहिर खटाउने तयारी छ। केही संवेदनशील जिल्लामा एसएसपीलाई खटाउने तयारी भइरहेको छ।

निर्वाचनका लागि नेपाल प्रहरीले एक लाख ३३ हजार ९८० निर्वाचन प्रहरी भर्ना गरिसकेको छ। निर्वाचनमा प्रहरीलाई सघाउन नेपाली सेना पनि २१ माघदेखि ब्यारेकबाट निस्किसकेको छ। सेनाले कारागार, विमानस्थललगायत महत्त्वपूर्ण संरचनाको सुरक्षा पनि सम्हाल्न थालिसकेको छ।

निर्वाचन विश्लेषण महाशाखा स्थापना

निर्वाचनविरोधी गतिविधिलाई निगरानी गर्न प्रहरी प्रधान कार्यालयले निर्वाचन विश्लेषण महाशाखा स्थापना गरेको छ। एसएसपीको कमान्डमा यस्तो महाशाखा स्थापना भएको हो। महाशाखालाई निर्वाचन बिथोल्न सक्रिय समूहको गतिविधिमाथि निगरानी र विश्लेषण गरी सुरक्षा रणनीति बनाउने जिम्मेवारी दिइएको छ।

पछिल्लो समय दुर्गा प्रसाईं निर्वाचनविरोधी गतिविधिमा सक्रिय रहेको प्रहरीको सूचना छ। 'कतैबाट परिचालित भएर उनी यस्ता गतिविधिमा लागेकोजस्तो देखिन्छ,' प्रहरी स्रोत भन्छ, 'अन्य केही साना समूह पनि चुनावविरोधी गतिविधिमा लागेका छन्।'

संविधान...

पृष्ठ १ बाट क्रमशः

निर्माण सम्भव नरहेको जसपाको भनाइ छ।

प्रतिबद्धतापत्रमा शासकीय स्वरूपमा परिवर्तन, राष्ट्रिय पहिचानमा आधारित संघीयता, प्रादेशिक संरचनाको पुनर्निर्माण, न्याय प्रणालीलाई संघीय स्वरूपमा पुनर्संरचना, संवैधानिक निकायहरूको सुदृढीकरण, जनलोकपाल गठन, उत्पीडित समुदायको अधिकार सुनिश्चित, नागरिकतामा विद्यमान लैंगिक विभेद अन्त्य, धर्मनिरपेक्षताको स्पष्ट व्याख्या गर्ने तथा राजनीतिक, आर्थिक, सामाजिक, समावेशी र सांस्कृतिक लोकतन्त्रलाई संस्थागत गर्ने विषय प्राथमिकतामा राखिएको छ।

'राजनीतिक लोकतन्त्र, आर्थिक लोकतन्त्र, सामाजिक लोकतन्त्र, समावेशी लोकतन्त्र तथा सांस्कृतिक लोकतन्त्रलाई संस्थागत गर्नेलगायतका विषयमा संविधानविज्ञहरू सम्मिलित उच्चस्तरीय संविधान पुनरावलोकन आयोग गठन गरी उक्त आयोगको सुझावको आधारमा संविधान संशोधन/परिमार्जन तथा पुनर्लेखन गर्नुपर्ने आवश्यकता रहेको स्पष्ट धारणा जसपा नेपालको रहेको छ,' प्रतिबद्धतापत्रमा भनिएको छ।

अध्यक्ष यादवले बहुमतको दम्भमा मुख्यतः कांग्रेस, एमाले र तत्कालीन माओवादी केन्द्रले स्वामित्व लिने गरी संविधान जारी गरिएको दाबी गरेका छन्। उनका अनुसार प्रमुख दलहरूले पहिचान र सामर्थ्यका आधारमा राज्य पुनर्संरचना गर्ने आफ्नो प्रतिबद्धताबाट पछि हट्दै पहिलो संविधानसभाबाट पारित महत्त्वपूर्ण प्रावधानहरू उल्ट्याएका छन्।

'यो संविधानले मुलुकको संघीय संरचना, विविधता, सामाजिक न्याय र समावेशी लोकतन्त्रका आधारभूत मान्यतालाई आत्मसात् गर्न सकेको छैन। यसले प्रशासनिक संघीयताको मात्र पक्षपोषण गरेको छ,' प्रतिबद्धतापत्रमा उल्लेख छ, 'यसैले मुलुकको विद्यमान शासकीय स्वरूप, निर्वाचन प्रणाली तथा न्याय प्रणालीलाई यथावत् राखेर संघीय समाजवादी व्यवस्थाको आधारशिला खडा हुन सक्दैन।'

यस्तै, जसपाले युवा पुस्तालाई लोकतान्त्रिक, समावेशी र उत्पादनमुखी राष्ट्रिय पुनर्निर्माणमा परिचालन गर्ने प्रतिबद्धता जनाएको छ। सामाजिक सेवामा राज्यको नेतृत्व सुदृढ गर्दै गुणस्तरीय, पहुँचयोग्य र जवाफदेही सार्वजनिक सेवा प्रणाली विकास गर्ने, स्वास्थ्य बिमा प्रणाली सुधार गर्ने तथा स्वास्थ्य सेवालाई नागरिककेन्द्रित, निःशुल्क र गुणस्तरीय बनाउने योजना अघि सारिएको छ।

त्यस्तै, पार्टीले सबै नागरिकलाई निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउने, प्रत्येक प्रदेशमा कम्तीमा एक अत्याधुनिक बहुविशिष्ट अस्पताल स्थापना गर्ने तथा शिक्षाको व्यापारीकरण रोक्दै शिशु कक्षादेखि उच्च शिक्षासम्म निःशुल्क, सिपमूलक, प्रविधिमैत्री र गुणस्तरीय सार्वजनिक शिक्षा प्रणाली विकास गर्ने प्रतिबद्धता व्यक्त गरेको छ।

त्यसैगरी, कानुनी सेवालाई राज्यको प्रत्यक्ष दायित्व बनाउँदै सबै नागरिकका लागि निःशुल्क कानुनी सहायता सुनिश्चित गर्ने, संघीय शासन प्रणालीअनुसार प्रहरी ऐन संशोधन गरी व्यावसायिक, जनमैत्री र उत्तरदायी सुरक्षा व्यवस्था स्थापना गर्ने तथा संघीय निजामती ऐन ६ महिनाभित्र पारित गर्ने उल्लेख गरिएको छ। भ्रष्टाचार नियन्त्रणलाई प्रभावकारी बनाउन जनलोकपालको व्यवस्था गर्ने तथा ०४७ सालदेखि हालसम्मका निर्वाचित जनप्रतिनिधि, प्रधानमन्त्री, मन्त्री, उच्चपदस्थ कर्मचारी, सुरक्षा निकायका अधिकारी र संवैधानिक निकायका पदाधिकारीहरूको सम्पत्ति छानबिन गर्ने प्रतिबद्धता पनि व्यक्त गरिएको छ।

वैदेशिक रोजगारीमा जाने नागरिकका लागि सिप विकास, प्रशिक्षण र लागत व्यवस्थापन रोजगारदाताबाट ग्यारेन्टी गराउने तथा 'फ्री भिसा, फ्री टिकट' नीति कडाइका साथ लागू गर्ने योजना पनि प्रतिबद्धतामा समेटिएको छ। त्यस्तै, चुरे क्षेत्र संरक्षणका लागि नदी उकास तथा कटान नियन्त्रण कार्यक्रम विस्तार, जलस्रोत र खानेपानीका मुहान संरक्षण, वन संरक्षण तथा संवर्द्धन अभियान सञ्चालन र माटो, बालुवा तथा ढुंगा निकासीमा कडा नियन्त्रण गर्ने प्रतिबद्धता पनि जसपाले जनाएको छ।

राप्रपाले आज सार्वजनिक गर्दै

आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनका लागि राजनीतिक दलहरूले धमाधम चुनावी प्रतिबद्धतापत्र सार्वजनिक गर्न थालेका छन्। राप्रपाले शनिबार घोषणापत्र सार्वजनिक गर्ने तयारी गरेको छ।

Re-Invitation for Sealed Quotation for Group Medical Insurance
First Notice Published on 20th January 2026

Jyoti Bikash Bank Limited (JBBL) re-invites sealed quotation from eligible Nepalese insurance companies for **Group Medical Insurance Policy (GMI).** The Bank retains the discretion to fully or partially accept or reject any or all RFQ without providing any reasons.

For more details, please scan the QR Code

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)
Head Office: Kamalpokhari-01, Kathmandu, Nepal
Phone No.: 01-5970306-12
Web: www.jbbl.com.np | E-mail: info@jbbl.com.np

नक्सा पास सम्बन्धमा जारी भएको १५ दिने सार्वजनिक सूचना

(मिति : २०८२/११/०२)

महालक्ष्मी नगरपालिका वडा नं ९ साविक लामाटार २/ग कित्ता नं ५१८,५२० क्षेत्रफल ९५.३९ बर्ग मिटर जग्गामा भवन निर्माण गर्न नक्सा पासको लागि २०८२/९/२९ मा महालक्ष्मी नगरपालिका कार्यालयबाट १५ दिने सूचना जारी गरेकोमा घर जग्गाको म्याद बारम्बार बुझाउन जादाँ सम्बन्धित तपशिलमा उल्लेखित संधियारहरूसँग सम्पर्क हुन नसकेकोले नक्सा पासको लागि १५ दिने सार्वजनिक सूचना जारी गरिएको छ।

उल्लेखित कित्ता जग्गामा घर निर्माण हुदाँ तपाई साँध संधियारहरूलाई बाधा तथा मर्का पर्ने भएमा समय अवधि भित्र महालक्ष्मी नगरपालिकाको ९ नं वडा कार्यालयमा निवेदन दिनुहुन तथा साँध संधियारको जानकारीको लागि सूचित गरिन्छ। म्याद भित्र कसैको कुनै प्रतिक्रिया दावी विरोध प्राप्त नभएमा नियमानुसार निवेदकको माग बमोजिम नक्साको लागि नगरपालिकाका सिफारिस भई जाने व्यहोरा समेत जानकारी गराईन्छ।

तपशिल
पश्चिम तर्फ विष्णु प्रसाद घिमिरे कित्ता नं ५२१

महालक्ष्मी नगरपालिका कार्यालय
९ नं वडा कार्यालय लामाटार, ललितपुर

बुद्धभूमि नेपाल हाईड्रोपावर कम्पनी लि.
Buddha Bhumi Nepal Hydro Power Co. Ltd. Kathmandu
मुख्य कार्यालय, पानीपोखरी, महाराजगञ्ज, काठमाडौं
फोन नं. ०१-४५३०१५०, ईमेलः lowertadi@gmail.com
वेबसाईटः www.buddhabhuminepalhydro.com.np

कम्पनीका संचालक लगायत आधारभूत शेयरधनीहरूलाई हकप्रद बापतको रकम जम्मा गर्ने सम्बन्धि अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८२ फागुन २ गते)

यस कम्पनीको हाल कायम चुक्ता पूँजी रु.४०,००,००,०००/- (चालीस करोड) को १:१ को अनुपातमा रु. ४०,००, ००,०००/- बराबरको विद्यमान शेयरधनीहरूलाई हकप्रद शेयर निष्काशन गर्न नेपाल धितोपत्र बोर्डबाट स्वीकृत प्राप्त भएकोले सर्वसाधारण शेयरधनीहरूका लागि हकप्रद शेयर आवेदन खुल्ला गर्नु पुर्व धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को निर्देशन नं. १२ (४) बमोजिम संचालक लगायत आधारभूत (चुक्ता पूँजीको १ प्रतिशत र सो भन्दा बढी शेयर धारण गर्ने) शेयरधनीहरूले आफुले लिनुपर्ने हकप्रद शेयर वापतको रकम बुझाउनु पर्ने व्यवस्था रहेको हुनाले आफ्नो हक हिस्सामा पर्न आउने हकप्रद शेयर बापतको प्रति शेयर रु. १००/- को दरले हुन आउने रकम मिति २०८२ फागुन २३ गते बैंकिङ्ग समयभित्र जम्मा गर्न सञ्चालक समितिको मिति २०८२ फागुन १ गते बसेको बैठकको निर्णयानुसार अनुरोध गरिन्छ। यदि कुनै सञ्चालक लगायत आधारभुत शेयरधनीहरूबाट हकप्रद शेयरको लागि आवेदन सहितको रकम प्राप्त नभएमा नियमानुसार हुने व्यहोरा समेत अनुरोध गर्दछौं।

नोट - हकप्रद शेयर बापतको रकम तल उल्लेखित बैंक खातामा जम्मा गर्नुहुन अनुरोध गर्दछौं।

बैंकको नाम	: NIC Asia Bank Ltd
खाताको नाम	: NIC ASIA CAPITAL–BUDDHABHUMI
खाता नं.	: 0544454451025732
खाता रहेको शाखा	: Thapathali

बंगलादेशमा...

पृष्ठ १ बाट क्रमशः

बिएनपीले २९९ सिटमध्ये २१२ सिट जित्दै स्पष्ट बहुमत प्राप्त गरेको छ। निर्णायक विजयसँगै पार्टी अध्यक्ष तारिक रहमान प्रधानमन्त्री बन्ने निश्चित भएको छ। उनी अर्को साता पद तथा गोपनीयताको शपथ लिने तयारीमा छन्।

बिएनपीको विजयका पछाडि लामो समयदेखिको राजनीतिक असन्तोष, भ्रष्टाचार र कुशासनविरुद्धको जनआक्रोश, जनमुखी एजेन्डा, अवामी लिगमाथि प्रतिबन्ध, उच्च मतदान सहभागिता र गठबन्धनको प्रभावलाई मुख्य कारण मानिएको छ। विश्लेषकहरूका अनुसार विद्यार्थी आन्दोलनले भयको राजनीति तोड्दै मतदातालाई विकल्प रोज्ने मनोबल दिएको थियो। यद्यपि, पूर्वसत्तारूढ अवामी लिगले निर्वाचन निष्पक्ष नभएको आरोप लगाउँदै परिणाममाथि प्रश्न उठाएको छ। यसले संक्रमणकालीन राजनीतिक तनाव अझ केही समय कायम रहने संकेत दिएको छ।

अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले यसलाई बंगलादेशको राजनीतिक इतिहासमा महत्त्वपूर्ण लोकतान्त्रिक मोडका रूपमा चित्रित गरेका छन्। उनीहरूले विद्यार्थी आन्दोलनलाई परिवर्तनको आधारशक्ति मानेका छन्। साथै, नयाँ सरकारका लागि आर्थिक पुनर्निर्माण, लगानी पुनः आकर्षण र रोजगारी सिर्जना प्रमुख चुनौती हुने उल्लेख गरेका छन्।

दक्षिण एसियादेखि विश्वका प्रमुख देशहरूले बिएनपीको विजयलाई स्वागत गरेका छन्। भारत, चीन, अमेरिका, पाकिस्तान, श्रीलंका, माल्दिभ्स र भुटानले नयाँ नेतृत्वसँग सहकार्यको अपेक्षा व्यक्त गरेका छन्। भारतसँग चार हजारभन्दा धेरै किलोमिटर खुला सीमा जोडिएको बंगलादेशका लागि नयाँ चरणमा द्विपक्षीय सम्बन्ध स्थापित गर्ने अवसर आएको छ।

बंगलादेशका लागि पूर्वराजदूत तथा पूर्वपरराष्ट्रसचिव मधुरमण आचार्यले बंगलादेशमा निर्वाचनमार्फत मूलधारको परिपक्व तथा स्थापित राजनीतिक दलले सरकार गठन गर्न लागेको टिप्पणी गरे। 'अतिवादी शक्तिलाई बंगलादेशका जनताले मन पराएनन्, अनुभवी दललाई उनीहरूले छानेका छन्। बंगलादेशको राजनीतिक स्थिरता र क्षेत्रीय स्थिरताका लागि यो सकारात्मक परिस्थिति हो,' आचार्यले भने, 'भारतसँग उनको सम्बन्धले सार्क प्रक्रिया अघि बढाउन पनि सहयोग पुग्छ। यसमा उनको भूमिका महत्त्वपूर्ण हुन्छ।'

बंगलादेशका लागि नेपाली पूर्वराजदूत डा वंशीधर मिश्रले बंगलादेशमा जनताले राजनीतिक स्थिरताका पक्षमा फैसला गरेको टिप्पणी गरे। 'बंगलादेशमा विकास र समृद्धि भयो, तर लोकतान्त्रिक मूल्य-मान्यता लत्याएर अवामी लिगले अधिनायकवादी शासन सञ्चालन गरेको थियो। तर, जनताले अतिवादी सोच र समूहलाई अस्वीकार गरेको छ,' पूर्वराजदूत मिश्रले भने। बंगलादेशमा बढ्दो इस्लामीकरणको चिन्ता हटेको छ, तर अल्पसंख्यक हिन्दुहरूको सुरक्षाबारे अझै अनिश्चय कायम छ। 'बंगलादेशका जनताले स्थापित र संस्थागत पार्टीलाई जिताएका छन्। अतिवादीकरणको चिन्ता अहिलेलाई साम्य भएको छ र राजनीतिक स्थिरता सुनिश्चित हुने संकेत देखिएको छ,' पूर्वराजदूत मिश्रले भने।

नेपालमा प्रजातन्त्र स्थापना (२००७) को २० वर्षपछि जन्मिएको बंगलादेशले यस वर्ष १३औँ संसदीय निर्वाचन सम्पन्न गरेको छ। बंगलादेश दक्षिण एसियाको कान्छो देश हो। यसअघि २२ पुस ०८० मा सम्पन्न १२औँ संसदीय निर्वाचनमा अवामी लिगलाई दुईतिहाइ मत प्राप्त भएको थियो। २६ मार्च १९७१ पाकिस्तानबाट स्वतन्त्र भएको बंगलादेशले राजनीतिक र सैन्य विद्रोह तथा आन्दोलनको सामना गर्दै आएको छ

सन् २००९ देखि अविच्छिन्न रूपमा सत्तामा रहेकी हसिना २१ साउन ०८१ को विद्यार्थी विद्रोहको बलमा सत्ताच्युत भएर भागेकी थिइन्। उनी हाल नयाँदिल्लीमा निर्वासित जीवन व्यतीत गरिरहेकी छिन्। विद्यार्थी विद्रोहले सत्ता परिवर्तन गरेसँगै अन्तरिम सरकारले निर्वाचन गराएको छ भने देशको स्वतन्त्रताका लागि लडेको खानदान परिवार र दल उसकै कारण किनारामा परेको छ।

नागरिक विद्रोहपछि गठित मोहम्मद युनुस नेतृत्वको अन्तरिम सरकारले प्रतिबन्ध लगाएको अवामी लिग पार्टी नेतृ हसिनाको शासन ढलेपछि बंगलादेशले स्थापित र पुरानो दललाई सरकारको नेतृत्व सुम्पिने तयारी गर्दै छ। बिएनपीले यसअघि दुईपटक सरकारको नेतृत्व गरेको छ।

बंगलादेश जमात ए इस्लामी तथा नागरिक विद्रोहको नेतृत्वकर्ताले खोलेको नेसनल सिटिजन्स पार्टी (एनसिपी)सहित ११ दलीय गठबन्धनले जम्मा ७७ सिट पाएको छ। एनसिपीले जम्मा ६ सिट पाएको निर्वाचन आयोगले जनाएको छ।

कुनै समय गरिबीमा फसेको, अस्थिर राजनीति भएको, सबैतिरबाट हेपिएको देशले २०२४ अगस्टसम्म दक्षिण एसियामा सबैभन्दा तीव्र आर्थिक दर हासिल गरेको थियो। तर, लोकतान्त्रिक संस्कार, पारदर्शिता अभाव, कुशासनका कारण समृद्धिको वाहक हसिना सरकार ढलेको थियो। २०२४ अगस्टसम्म आइरन लेडीको उपमा पाएकी हसिनाले गरिब देशबाट बंगलादेशलाई एसियाको उदाउँदो बाघ (राइजिङ टाइगर)सम्म बनाएकी थिइन्। उनको निरंकुश शैलीले त्यो बिरासतलाई बंगलादेशमा अहिले मेटाइदिएको छ।

तारिकलाई नेपाल, भारत र विश्वकै बधाई

भावी प्रधानमन्त्री एवं बिएनपीका अध्यक्ष तारिक रहमानलाई दक्षिण एसियादेखि विश्वभरबाट बधाई सन्देश व्यक्त भएको छ। प्रधानमन्त्री सुशीला कार्कीले चुनावमा विजयका लागि तारिकलाई बधाई दिँदै उनीसँग सहकार्य गर्ने जनाएकी छिन्। निर्वाचन परिणामलाई उल्लेखनीय विजयको संज्ञा दिँदै कार्कीले आपसी हितका विविध क्षेत्रमा बंगलादेशसँग अझ नजिकको सहकार्यको अपेक्षा व्यक्त गरेकी छिन्।

उनलाई भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले टेलिफोनमा र ट्विटमा बधाई दिएका छन्। पार्टीलाई निर्णायक विजय दिलाएकोमा तारिकलाई मोदीले बधाई दिँदै भनेका छन्, 'यो विजयले बंगलादेशी जनताले तपाईंको नेतृत्वप्रति गरेको विश्वास झल्काएको छ। भारत बंगलादेशमा लोकतान्त्रिक, प्रगतिशील र समावेशी बंगलादेशको समर्थनमा निरन्तर उभिरहनेछ।'

सरकारबाट हसिनाको बहिर्गमनपछि भारत र बंगलादेशबिच बिग्रेको सम्बन्ध पुनर्स्थापना हुने विश्वास गरिएको छ। भारतसँग बंगलादेशको चार हजार ९६ किलोमिटर सीमा जोडिएको छ। बंगलादेशको पश्चिम, उत्तर र पूर्वी सिमाना भारतसँग जोडिएको छ, दक्षिण-पूर्वी सिमाना म्यानमारसँग र दक्षिण बंगालको खाडीको तटीय क्षेत्रमा जोडिएको छ।

चीनले बंगलादेशसँगको समग्र रणनीतिक सहकार्यको साझेदारी एवं स्थिर विकासलाई कायम राख्न सहकार्य गर्न तयार रहेको जनाएको छ। शुक्रबार जारी वक्तव्यमा चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता लिन जियानले बंगलादेशसँग सहकार्य अझ मजबुत बनाउँदै द्विपक्षीय सम्बन्धलाई गहिरो बनाउन बेइजिङ इच्छुक रहेको बताएका छन्।

ढाकास्थित अमेरिकी दूतावासले 'ऐतिहासिक विजय'का अवसरमा बिएनपी र अध्यक्ष तारिकलाई बधाई दिएको छ।

पाकिस्तानका प्रधानमन्त्री साहबाज सरिफले सानदार विजय भएको भन्दै बिएनपी अध्यक्ष तारिकलाई बधाई दिएका छन्। उनले नयाँ बंगलादेशी नेतृत्वसँग नजिकबाट सहकार्य गर्दै ऐतिहासिक, भ्रातृभावपूर्ण तथा बहुआयामिक द्विपक्षीय सम्बन्धलाई अझ सुदृढ बनाउने अपेक्षा व्यक्त गरेका छन्। साथै, दक्षिण एसिया र बाहिर शान्ति, स्थिरता र विकासका साझा लक्ष्य अघि बढाउने पनि उनको प्रतिबद्धता छ।

श्रीलंकाका राष्ट्रपति अनुरा कुमारा दिसानायकेले बंगलादेशी मतदाताले तारिक रहमानप्रति देखाएको विश्वासको सम्मान गर्दै द्विपक्षीय सम्बन्ध सुदृढ गर्न आतुर रहेको बताएका छन्।

माल्दिभ्सका राष्ट्रपति मोहम्मद मुइजुले चुनावी सफलताको प्रशंसा गर्दै दीर्घकालीन मित्रता र सहकार्यलाई अझ गहिरो बनाउने आशा व्यक्त गरेका छन्।

भुटानका प्रधानमन्त्री छिरिङ तोब्गेले बंगलादेशको जनादेशलाई प्रभावशाली भन्दै तारिक नेतृत्वप्रति विश्वास प्रकट गरेका छन्। भारतमा पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जी, भारतीय राष्ट्रिय कंग्रेसका अध्यक्ष मल्लिकार्जुन खड्गेलगायतले बधाई दिएका छन्।

चुनावी मैदानमा...

पृष्ठ १ बाट क्रमशः

बिरामीको पीडा सुन्ने र समाधान खोज्ने उनीहरू अहिले स्वास्थ्य प्रणालीकै 'ठुलो अप्रेसन' गर्न संसद् आवश्यक ठान्दै राजनीतिमा प्रवेश गरेका हुन्।

उनीहरूको दैनिकी पूरै बदलिएको छ। नमस्ते लिने चिकित्सकहरू अहिले मतदातालाई नमस्कार गर्दै हिँरिहडेका छन्। अस्पतालका करिडोर, इमर्जेन्सी वार्ड र रातभरको ड्युटीको बानी परेको उनीहरूको जीवन अहिले मतदाता भेटघाट, सभा र बहसमा बदलिएको छ। चुपचाप काम गर्नुपर्ने उनीहरू भाषण गर्दै छन्।

आउँदो २१ फागुनमा हुने निर्वाचनका लागि प्रत्यक्षतर्फ २० र समानुपातिकतर्फ आठ गरी कुल २८ चिकित्सक उम्मेदवार बनेका छन्। सधैँ बिरामीको पीडा सुन्ने र उपचार खोज्ने उनीहरू नेपालको स्वास्थ्य प्रणाली आफैँ गम्भीर अवस्थामा रहेको र यसको उपचार संसद्बाटै सम्भव रहेको बताउँछन्। त्यसैले उनीहरूले यो चुनावलाई व्यक्तिगत सत्ता नभई देशको स्वास्थ्य व्यवस्थामाथि गरिने 'सबैभन्दा ठुलो अप्रेसन'का रूपमा हेरेका छन्।

सबैभन्दा धेरै डाक्टर उम्मेदवार रास्वपातर्फ

चिकित्सक उम्मेदवारको संख्या हेर्दा सबैभन्दा अगाडि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) देखिन्छ। रास्वपाबाट समानुपातिकतर्फ सात र प्रत्यक्षतर्फ तीन गरी दशजना मेडिकल डाक्टर उम्मेदवार छन्। पार्टीका प्रवक्ता मनीष झाले 'विज्ञ र प्राविधिकलाई नीति निर्माण तहमा पुर्‍याउने' रणनीतिअनुसार चिकित्सकलाई अघि सारिएको बताए।

रास्वपाको समानुपातिक सूचीमा डा. अंकिता ठाकुर, डा. अनिता यादव, डा. रूपक विश्वकर्मा, डा. मनोहर प्रधान, डा. ओजस्वी शेरचन, डा. रामजी राम र डा. रञ्जित पञ्जियार छन्। प्रत्यक्षतर्फ ललितपुर ३ बाट डा. तोसिमा कार्की, रूपन्देही ३ बाट डा. लेखजंग थापा र सिराहा ३ बाट शम्भुकुमार यादव उम्मेदवार छन्।

अप्रेसन थियटरभन्दा बाहिर चुनावी मैदानमा व्यस्त डा. थापा भन्छन्, 'स्वास्थ्य क्षेत्रका नीतिगत सुधार, मेडिकल शिक्षाको नियमन र पहुँच विस्तारलाई प्रमुख एजेन्डा बनाएको छु।'

कांग्रेसमा पनि 'डाक्टर फेस'

कांग्रेसबाट पनि थुप्रै मेडिकल डाक्टर चुनावी दौडमा छन्। महामन्त्री गुरुराज घिमिरेका अनुसार मोरङ ३ बाट डा. सुनील शर्मा, मोरङ ६ बाट डा. शेखर कोइराला, रौतहट २ बाट डा. फिर्दोष आलम, सिराहा ३ बाट डा. सुवास यादव र सर्लाही २ बाट डा. सरोजकुमार यादव उम्मेदवार छन्।

एमालेले भने यसपटक मेडिकल डाक्टरलाई प्रत्यक्षतर्फ टिकट दिएको छैन। त्यस्तै, नेकपाबाट सर्लाही ४ मा डा. रजनिश राय उम्मेदवार छन्। नेकपाले डा. राजन झाको नाम समानुपातिकमा समेटेको छ।

जसपाबाट महोत्तरी ३ मा डा. मीनाक्षी ठाकुर उम्मेदवार बनेकी छिन्। विशेषज्ञ डाक्टर भएर बिरामीको उपचारसँगै समाजसेवामा लामो समयदेखि सक्रिय रहँदै आएको उनले बताइन्। समाजका समस्या सदनसम्म पुर्‍याउन आफूले उम्मेदवारी दिएको उनले सुनाइन्।

ललितपुर ३ : दुई डाक्टर, एउटै क्षेत्र

ललितपुर ३ मा चुनावी प्रतिस्पर्धा विशेष रूपमा रोचक बनेको छ। यहाँ दुईजना मेडिकल डाक्टर आमने-सामने छन्। रास्वपाबाट डा. तोसिमा कार्की र उज्यालो नेपाल पार्टीका डा. आसुतोषविजय पन्तको उम्मेदवारी छ।

कुनै समय चिकित्सा शिक्षा सुधारको आन्दोलनमा एउटै मोर्चामा उभिएका यी दुई आज राजनीतिक प्रतिस्पर्धी बनेका छन्। 'म मेडिकल शिक्षाको आन्दोलनदेखि जेन-जी आन्दोलनसम्म घाइतेहरूको उपचारमा खटिएँ। अब जनताको स्वास्थ्यका आवाज सदनमा पुर्‍याउन उम्मेदवार बनेको हुँ,' डा. पन्तले भने।

उता, ०७९ मा यही क्षेत्रबाट निर्वाचित डा. कार्की स्वास्थ्य आफ्नो केन्द्रीय एजेन्डा रहेको बताउँछिन्। 'सरकारी अस्पतालमा बिरामी छटपटाउँछन्, निजीमा बेड खाली हुन्छ। यो असन्तुलन अन्त्य गर्न म फेरि उम्मेदवार बनेकी हुँ,' डा. कार्की भन्छिन्।

उज्यालो, श्रम संस्कृति र नेपाल जनसेवा पार्टीबाट पनि डा. उम्मेदवार

काठमाडौं १० बाट डा. राकेश न्यौपाने र डा. धनबहादुर श्रेष्ठ चुनावी मैदानमा छन्। डा. श्रेष्ठ श्रम संस्कृति पार्टी र डा. न्यौपाने उज्यालो पार्टी नेपालबाट प्रत्यक्षतर्फका उम्मेदवार हुन्। उज्यालो पार्टीले मकवानपुर २ मा डा. प्रविन स्याङ्तान, महोत्तरी २ बाट डा. राकेश मण्डललाई र ललितपुर ३ मा डा. आसुतोषविजय पन्तलाई चुनावी मैदानमा उतारेको छ। त्यस्तै, नेपाल जनसेवा पार्टीका तर्फबाट रूपन्देही २ मा डा. निकोलस भुसाल उम्मेदवार बनेका छन्। डा. भुसालको 'सबै जिल्लामा मेडिकल कलेज, सहज स्वास्थ्य बिमा र नेपाललाई मेडिकल शिक्षाको 'हब' बनाउने' सपना छ।

स्वतन्त्र डाक्टरहरूको अलग अभियान

दलभन्दा बाहिर स्वतन्त्र रूपमा पनि चिकित्सक चुनावी मैदानमा छन्। काठमाडौं ४ बाट डा. अर्चनशमशेर राणा, महोत्तरी २ बाट डा. धनञ्जयकुमार हाथी उम्मेदवार छन्।

नेपाल चिकित्सक संघका अध्यक्ष डा. अनिलविक्रम कार्की चिकित्सकको राजनीतिक सहभागितालाई सकारात्मक मान्छन्। 'प्राविधिक राजनीतिमा आउनुहुँदैन भन्ने भाष्य गलत हो,' उनी भन्छन्, 'चिकित्सक सदनमा पुग्दा जनस्वास्थ्य नीति, उपचार पहुँच र मेडिकल शिक्षामा सुधार गर्न सहज हुन्छ।'

कलाकार...

पृष्ठ १ बाट क्रमशः

तिजगीत चर्चित छन्। विगतमा उनले एमालेको जनसांस्कृतिक महासंघको कोषाध्यक्षका रूपमा पनि काम गरेकी थिइन्।

एमालेले जनवादी गायक अस्मिन घिमिरेलाई चितवन २ बाट उम्मेदवार बनाएको छ। उनी गायनसँगै अनेरास्ववियुको राजनीतिमा लागेका थिए। उनको 'आयो आयो अखिल...' बोलको गीत निकै चर्चित छ।

दलहरूले कलाकारहरूलाई समानुपातिक उम्मेदवार पनि बनाएका छन्। रास्वपाले चर्चित गायक प्रकाश सपुत, अभिनेत्री रिमा विश्वकर्मा, पूर्वमिस नेपाल अनुष्का श्रेष्ठ र कलाकार रूपक घिमिरेलाई समेटेको छ। दलित पुरुषतर्फको क्लस्टरमा सपुत पहिलो र घिमिरे तेस्रो नम्बरमा छन्। त्यस्तै, रिमा दलित महिला क्लस्टरको पहिलो नम्बरमा र अनुष्का आदिवासी जनजाति महिला क्लस्टरमा छिन्। उनीहरू सबैले आफ्नो पार्टीको पक्षमा मत बटुल्न चुनावी अभियान थालिसकेका छन्।

अर्की अभिनेत्री तथा मोडल एलिजा गौतमलाई आम जनता पार्टीले समानुपातिक उम्मेदवार बनाएको छ। उनी खस-आर्य महिला क्लस्टरको पहिलो नम्बरमा छिन्। यस्तै, एमालेले गायिका कोमल वलीलाई समानुपातिक सूचीमा खस-आर्य महिला क्लस्टरतर्फ चौथो नम्बरमा राखेको छ। एमाले नेतृसमेत रहेकी उनी पार्टीको पक्षमा मत बटुल्न सक्रिय छिन्।

तीन दर्जनभन्दा धेरै उद्योगी व्यवसायी प्रत्यक्षतर्फ उम्मेदवार

मिलन विश्वकर्मा/नयाँ पत्रिका

विगतका निर्वाचनमा उद्योगी-व्यवसायीको उम्मेदवारी नगन्य हुने गरेको थियो। यसपटक भने दलहरूले यस क्षेत्रबाट पनि उल्लेख संख्यामा प्रत्यक्षतर्फ उम्मेदवार बनाएका छन्। संसद्मा राम्रो उपस्थिति हुँदा आर्थिक मुद्दा उठानका लागि सघाउ पुग्ने उद्योगी-व्यवसायीको भनाइ छ।

फोर्ब्सको सूचीमा सूचीकृत एक मात्र नेपाली अर्बपति विनोद चौधरीदेखि, पूर्वबैंकर र मझौला तथा साना उद्योगी-व्यापारी विभिन्न दलबाट उम्मेदवार बनेका छन्। चौधरी समूहका अध्यक्षसमेत रहेका चौधरी कांग्रेसका तर्फबाट नवलपरासी १ मा उम्मेदवार बनेका छन्। उनी कांग्रेस केन्द्रीय सदस्य पनि हुन्। ०७९ को चुनावमा पनि उनी यही क्षेत्रबाट विजयी बनेका थिए।

०७९ मा रसुवाबाट निर्वाचित निर्माण व्यवसायी मोहन आचार्य अहिले पनि उम्मेदवार बनेका छन्। त्यस्तै, ऊर्जा तथा मेडिकल व्यवसायी डा. सुनीलकुमार शर्माले मोरङ ३ बाट चुनावी प्रतिस्पर्धामा छन्। उनीहरू दुवै कांग्रेस केन्द्रीय सदस्य हुन्।

कांग्रेसबाटै जगदम्बा इन्टरप्राइजेज प्रालिका निर्देशक अनिलकुमार रुंगटा पर्सा १, यशोदा फुड्सका मालिक चुन्नप्रसाद शर्मा रुपन्देही २, नेपाल अलैंची व्यवसायी संघका पूर्वअध्यक्ष राजेन्द्र घिमिरे झापा ३, नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका अध्यक्ष विजयबहादुर स्वाँर कैलाली २, ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान)का पूर्वअध्यक्ष रमेशप्रसाद धमला धादिङ २ बाट र पर्यटन व्यवसायी तथा पर्यटन बोर्डका पूर्वसदस्य कृष्ण रिजाल धादिङ १ बाट चुनावी मैदानमा छन्।

मुक्तिनाथ विकास बैंक र मुक्तिनाथ कृषि कम्पनीका पूर्वअध्यक्ष भरतराज ढकाल स्याङ्जा १, घरजग्गा व्यवसायी प्रेमकुमार खत्री गोरखा १, कुरिअर तथा कार्गो व्यवसायी प्रकाशसिंह कार्की सोलुखुम्बु, वैदेशिक रोजगार व्यवसायी तिलक रानाभाट कास्की १, म्यानपावर व्यवसायी किरणकिशोर घिमिरे दाङ २, भन्सार एजेन्ट तथा व्यवसायी केशव पाण्डे झापा १ र व्यवसायी भुवन श्रेष्ठ गुल्मी २ का उम्मेदवार बनेका छन्। उनीहरू सबैलाई कांग्रेसले अघि सारेको हो।

एमालेबाट पनि दर्जनभन्दा बढी उम्मेदवार

एमालेले पनि दर्जनभन्दा धेरै उद्योगी-व्यवसायीलाई चुनावी मैदानमा उतारेको छ। लुम्बिनी सुगर मिल्सका अध्यक्ष वीरेन्द्रकुमार कनौडिया कपिलवस्तु ३, व्यवसायी उमाशंकर अरगरिया धनुषा २, उद्योगपति दिलीप अग्रवाल मोरङ २, मनाङ वाइनका मालिक पोल्देन छोपाङ गुरुङ मनाङ, पूर्वबैंकर मीनप्रसाद गुरुङ स्याङ्जा १, व्यवसायी मनोज अग्रवाल मोरङ ५ का एमाले उम्मेदवार बनेका छन्।

त्यस्तै, झापा १ मा दुग्ध व्यवसायी रामचन्द्र उप्रेती, स्याङ्जा २ मा व्यवसायी खिम थापा, झापा ४ मा वैदेशिक रोजगार व्यवसायी संघका पूर्वअध्यक्ष एलपी साँवा लिम्बू, नवलपुर १ मा उद्योगी भगीरथ सापकोटा र काभ्रे १ मा पर्यटन व्यवसायी अमित लामालाई एमालेले चुनावी मैदानमा उतारेको छ। बारा ४ बाट उम्मेदवार बनेका कृष्णकुमार श्रेष्ठ पनि व्यवसायी हुन्। यसअघि पनि सांसद र मन्त्री भइसकेका उनले होटेल, अपार्टमेन्ट र निर्माण सामग्रीमा लगानी गरेका छन्।

रास्वपाबाट उम्मेदवारी दिएका व्यवसायी

भक्तपुर १ मा रास्वपाले भक्तपुर उद्योग वाणिज्य संघका महासचिव रुकेश रञ्जितलाई उम्मेदवार बनाएको छ। त्यस्तै, रास्वपाबाटै स्याङ्जा १ मा पर्यटन व्यवसायी तथा पर्यटन बोर्डका पूर्वसिइओ धनञ्जय रेग्मी, सिन्धुपाल्चोक १ मा ऊर्जा व्यवसायी भरतप्रसाद पराजुली, बारा ३ मा भुक्तानी सेवाप्रदायक आइएमईका लगानीकर्ता अरविन्द साह र उदयपुर १ मा व्यवसायी पारसमणि गेलाल चुनावी मैदानमा उत्रिएका छन्।

व्यवसायी डा. वीरेन्द्रप्रसाद महतो जनमत पार्टीका तर्फबाट सिराहा ४ मा उम्मेदवार बनेका छन्। ०७९ मा जसपाबाट उम्मेदवार बनेका उनी यही क्षेत्रबाट विजयी भएका थिए। उनी माछापुच्छ्रे बैंकका पूर्वअध्यक्ष हुन्।

पर्यटन व्यवसायी ज्योत्सना सैँजू उज्यालो नेपाल पार्टीबाट काभ्रे २ मा उम्मेदवार छिन्। राइड सेयरिङ एप पठाओका सञ्चालक असीममानसिंह बस्नेतले काठमाडौं १ बाट स्वतन्त्र उम्मदेवारी दिएका छन्।

दलहरूले उद्योगी-व्यवसायीलाई समानुपातिक उम्मेदवार पनि बनाएका छन्। त्यसैले यसपटक संसद्मा यस क्षेत्रबाट विगतका भन्दा राम्रो उपस्थिति रहने जानकारहरू बताउँछन्।

नेपाल उद्योग परिसंघका अध्यक्ष वीरेन्द्रराज पाण्डेले दलहरूले उद्योगी-व्यवसायीलाई उम्मेदवार बनाउनु सकारात्मक भएको बताए। 'संसद्मा उद्योगी-व्यवसायी साथीहरूको राम्रो उपस्थिति भयो भने आन्तरिक उत्पादन तथा रोजगारी बढाउने गरी नीति निर्माण गर्न सहयोग पुग्छ। अर्थतन्त्रका विभिन्न मुद्दा उठानका लागि पनि सघाउ हुने अपेक्षा गर्न सकिन्छ,' उनले भने, 'विगतमा राजनीतिक प्रणालीमा अर्थतन्त्रका मुद्दाले प्राथमिकता पाएनन्। अब उद्योगी साथीहरू नै संसद्मा पुगेपछि यस्ता मुद्दाले प्राथमिकता पाउनेछन्।'

अवकाशप्राप्त प्रहरी अधिकारी पनि चुनावमा

नेपाल प्रहरीका पूर्वआइजिपीद्वय ध्रुवबहादुर प्रधान र सर्वेन्द्र खनाल पनि चुनावी मैदानमा छन्। प्रधान राप्रपाबाट नवलपरासी २ मा उम्मेदवार बनेका छन् भने समुन्नत नेपाली पार्टीका सभापति रहेका खनालले बारा ४ बाट उम्मेदवारी दिएका छन्। उनीहरूबाहेक अन्य ६ अवकाशप्राप्त प्रहरी पनि प्रतिस्पर्धामा उत्रिएका छन्।

राप्रपाका उपाध्यक्षसमेत रहेका पूर्वआइजिपी प्रधान यसअघि पनि सांसद भइसकेका छन्। खनाल भने अघिल्लोपटक एमालेबाट चुनाव लडेर पराजित भएका थिए।

रास्वपाबाट पाँच पूर्वप्रहरी अधिकारी उम्मेदवार बनेका छन्। पूर्वएआइजी विश्वराज पोखरेल ओलखढुंगाबाट प्रतिस्पर्धामा छन्। उनी दुई महिनाअघि रास्वपा प्रवेश गरेका हुन्। त्यस्तै, पूर्वएसएसपी विक्रमसिंह थापा कपिलवस्तु २ बाट प्रतिस्पर्धामा छन्। अघिल्लो चुनावमा उनले कांग्रेसबाट प्रदेश सभामा प्रतिस्पर्धा गरेका थिए।


रास्वपाले गुल्मी २ मा पूर्वडिएसपी गोविन्द पन्थीलाई उम्मेदवार बनाएको छ। उनी एक वर्षअघि मात्र अवकाश पाएका अधिकृत हुन्। पूर्वनायब निरीक्षक शम्भु ढकाल (सुस्केरा) झापा ४ बाट र काठमाडौं महानगरपालिकाको नगर प्रहरी प्रमुखबाट अवकाश लिएका राजु पाण्डे काठमाडौं ३ बाट रास्वपाबाटै उम्मेदवार बनेका छन्।

नेपाल प्रहरीका पूर्वएसएसपी वसन्त कुँवरले काठमाडौं ५ बाट स्वतन्त्र उम्मेदवारी दिएका छन्। सशस्त्र प्रहरीका पूर्वएआइजी ठाकुरमोहन श्रेष्ठ यसपटक राप्रपाको समानुपातिक सूचीमा छन्।

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्यालनयाँ
शनिबार २ फागुन ०८२
nayapatrikaofficial @nayapatrika

रिलमा भिलेन, रियलमा हिरो

नेपाली फिल्मका लागि सुनिलले ठुलो अभाव छाडेर गए। निर्देशकका रूपमा मेरो ठाउँमा भोलि अर्को आउला। तर, सुनिलको ठाउँमा अर्को कलाकार आउनै सक्दैन।



अभिच्युअरी



● तुलसी घिमिरे
चलचित्र निर्देशक

> सुनिललाई पहिलोपटक नेपाल ल्याउँदा मैले भनेँ, 'सुनिल, एउटा नेपाली फिल्म छ, काम गर्ने हो ? क्यारेक्टर पनि ठिकै छ। तर, हिन्दी फिल्मजस्तो पैसा छैन।' उनले न रोल सोधे, न पैसा। भने, 'स्योर, स्योर डेफिनेट्ली आता हुँ।' नेपाली फिल्मका लागि उनी भारतबाट एक हप्तामै नेपाल आए।

सन् १९८१ मा मुम्बईमा सुनिल थापासँग मेरो पहिलो भेट भयो। त्यतिवेला म फिल्म सम्पादनको काम गर्थेँ। सुनिल भने हिन्दी फिल्ममा अभिनय गरिसकेका थिए। त्यसवेला सुनिलले 'एक दुजे के लिए' मा काम गरिसकेका थिए। एकाध साउथ इन्डियन फिल्ममा पनि काम गरिसकेका थिए। नेपालीले हिन्दी फिल्ममा अभिनय गर्नु ठुलो उपलब्धि मानिन्थ्यो। सुनिललाई पर्दामा देख्दा गर्व लाग्थ्यो। नेपाली समुदायमा उनको निकै चर्चा हुन्थ्यो।

मुम्बईदेखि नै हाम्रो निकटता बढ्दै गयो। उनी अभिनयको यात्रामा अघि बढ्दै थिए। म भने फिल्म सम्पादनमै व्यस्त थिएँ। त्यो वेला मैले नेपाली फिल्ममा हात हालेको थिइनँ। पछि आएर नेपाली फिल्म बनाएँ। उनी भने निरन्तर हिन्दी फिल्ममै काम गरिरहे।

उनी फुटबलर हुँदै फिल्ममा आए। त्यतिवेला मोडलिङ पनि गर्थे। मेरो त्यतिवेला कुरा हुँदा फिल्मको कुरा हुँदै छ भन्थे। मैले एक दिन सोधेको थिएँ, 'हिन्दी फिल्मको काम छाडेर तिमी नेपाली फिल्ममा काम गर्न आउँछौ ?' उसले खुसी हुँदै नेपाली फिल्ममा किन काम नगर्ने भनेका थिए। मलाई सुनिल थापाले 'दाइ' भनी सम्बोधन गर्थे। मैले उनलाई सुनिल भन्थेँ। मेरा लागि सुनिल कलाकार मात्रै होइनन्, हितैसी साथी पनि थिए। त्यसैबिच सुनिलले नेपाली फिल्म 'मसाल'मा अभिनय गरे। मसाल फिल्मको डबिङमा पनि भेटघाट भइरह्यो।

दुर्भाग्यवश, 'मसाल' नेपालमा खासै चलेन। भारतमा चाहिँ निकै चर्चा भएको थियो। म त्यतिवेला हिन्दी फिल्म सम्पादन गर्थेँ। नेपाली फिल्म बनाएकै थिइनँ। उनी मलाई फिल्म सम्पादकको रूपमा चिन्थे, म उनलाई कलाकारको रूपमा चिन्थेँ। त्यसवेला गहिरो फ्रेन्डसिप भएको थिएन। त्यसपछि उनी आफ्नै काममा व्यस्त भए। मैले 'बाँसुरी, 'कुसुमे रुमाल', 'अन्याय'लगायत फिल्म बनाएँ।

■ ...अनि 'राते काइँला' जुऱ्यो

२०४६ सालतिरको कुरा हो। मैले 'चिनो' फिल्म बनाउने सोच बनाएँ। समाजमा देखेका पात्रलाई पर्दामा उतार्थेँ। देखेको मान्छे, सुनेको बोली तिनका स्वभाव मेरा पात्र हुन्थे। कथा त्यसैबाट जन्मिन्थ्यो। कालिम्पोङमा हुँदा 'राते काइँला' भन्ने एक मान्छे देखेको थिएँ। ती मान्छे बोल्दा पनि रिसाएजस्तो देखिन्थे। उनलाई मान्छेले टाढैबाट राते काइँला भनेर चिन्थे। उनको मंगोलियन अनुहार थियो। 'राते काइँलाजस्तो कुरा नगर है' भन्ने वाक्य त्यहाँ सामान्य थियो। त्यो पात्र मेरो मनमा गहिरो गरी बस्यो। कथा लेख्दै जाँदा चिनोमा 'राते काइँला'लाई एउटा क्यारेक्टर बनाएँ। फिल्म आफैंमा मल्टिस्टारर बन्दै थियो। अरू सिनेमाभन्दा फरक काम गर्ने चाहना थियो। फिल्ममा शिव श्रेष्ठ, भुवन केसी, कृष्टि मैनालीलगायत धेरै कलाकार थिए। तर, भिलेन 'राते काइँला'को भूमिका कसले निभाउने ? भन्ने खड्कियो। राते काइँला पात्र स्पष्ट नेपाली बोल्न पनि सक्दैन। रिसाहा स्वभाव छ। यस्तो भूमिका निभाउने कलाकार भेट्टाउनु सजिलो थिएन। कसलाई राख्ने भन्नेबारे छलफल भइरह्यो। त्यस्तो क्यारेक्टर गर्ने कलाकार नेपालमा देखेको थिइँन। राते काँइला पात्र आफैंमा अप्ठ्यारो क्यारेक्टर थियो। सम्भावित पात्रको कुरा गर्ने क्रममा सुनिल थापाको नाम आयो। त्यसवेला सुनिल हिन्दी फिल्ममा व्यस्त थिए। सम्पर्क सजिलो थिएन।

सम्पर्क होला कि नहोला भन्ने नै अनिश्चित थियो। साँच्चै भन्नुपर्दा सुनिललाई फिल्म खेलाउने आँट थिएन। उनी त्यतिवेला बलिउडमा स्थापित कलाकार थिए।

हिन्दी फिल्मका कलाकारलाई नेपाली फिल्ममा ल्याउनु सजिलो थिएन। पारिश्रमिककै कारण असम्भवजस्तै थियो। त्यसवेला नेपाली फिल्ममा लगानी हुँदैनथ्यो। ठुलो बजेट हुँदैनथ्यो। दुःखसुख चलेकै थियो। परिवार जसरी मिलेर फिल्म बनाइन्थ्यो।

पहिल्यै चिनजान भएकाले मैले सुनिललाई भनेँ, 'सुनिल, एउटा नेपाली फिल्म छ, काम गर्ने हो ? क्यारेक्टर पनि ठिकै छ। तर, हिन्दी फिल्मजस्तो पैसा छैन।' उनले न रोल सोधे, न पैसाको सर्त राखे। भने, 'सिओर, सिओर डेफिनेट्ली आता हुँ।' नेपाली फिल्मका लागि भारतबाट एक हप्तामै नेपाल आए। मलाई अझै याद छ, उनले भनेका थिए, 'मलाई नेपाली राम्रोसँग बोल्न आउँदैन, के गर्ने ?,' मैले भनेँ, 'त्यस्तै मान्छे चाहिएको हो।' यही संवादबाट 'चिनो'मा सुनिल थापाको प्रवेश भयो।

पोखराको रामघाटमा राते काइँलाको पहिलो 'टेक' थियो। कमेडीबाट सुरु गरेर रिसाउने सिनको टेक लिने सल्लाह गऱ्यौँ। मैले पहिले क्यारेक्टर गरेर देखाएँ, उसलाई गर्न लगाएँ। नयाँ मान्छेसँग काम गरे जस्तो भएन। उनी क्यारेक्टरका लागि पटक-पटक रिहर्सल गर्थे। असाध्यै मिहिनेत गर्थे। त्यो वेला सेलुलाइडमा फिल्म खिचिन्थ्यो। रिल किन्नुपर्थ्यो। जति धेरै टेक, उति धेरै खर्च। त्यसैले टेक लिनुअघि रिहर्सल अनिवार्य थियो। सुनिल अभ्यासमा कहिल्यै कन्जुस्याइँ गर्दैनथे। क्यारेक्टरभित्र गहिरिएर जान्थे। अहिले पनि सम्झिन्छु- सुनिलको पहिलो टेकमै सिन फाइनल भएको थियो।

राते काँइलाको पहिरन पनि उत्तिकै प्रभावशाली थियो। पहिरनका लागि सुनिलले धेरै मिहिनेत गरेका थिए। तर, उनी पटक-पटक भन्थे, 'भाषाको समस्या हुन्छ होला।' म भन्थेँ, 'जति आउँछ, त्यत्तिकै बोल। त्यही बोलीले क्यारेक्टर युनिक बन्छ।' फिल्मको संवादमा सधैँ शुद्ध साहित्यिक भाषा बोल्नैपर्छ भन्ने हुँदैन। पात्रले जे बोली बोल्छ, त्यही नै राम्रो हुन्छ। त्यसरी राते काइँला फरक बन्यो। अलग देखियो। सबैको ध्यान खिच्यो।

त्यतिवेला केहीलाई राते काइँला चित्त बुझेको थिएन। 'पात्रलाई नेपाली राम्रो बोल्न जान्दैन, कसरी राम्रो होला ?' यस्ता कुरा पनि सुनिन्थे। तर, फिल्मले रिलिजपछि अर्कै उचाइ पायो। दर्शकले राते काइँलाले बोलेको टोन मन पराए। त्यही बोली नै सबैभन्दा ठुलो शक्ति बन्यो। राते काइँला सबैलाई मन पर्न थाल्यो। अन्ततः सुनिलको उपमा नै बन्यो 'राते काइँला'।

सुनिलले एकपछि अर्को धेरै फिल्ममा काम पाउन थाले। त्यसपछि उनी नेपालमै बसे। कतिपयले बलिउडमा नचलेर नेपाल आएको भनेको सुन्थेँ। यसो भन्दा मन दुख्छ। धेरैलाई लाग्दो हो, सुनिल थापा बलिउडमा काम नपाएरको होला। बलिउडमा काम नपाएर नेपाल आएका होइनन् सुनिल। उनी नेपाली फिल्मको सेन्टिमेन्टले आएका हुन्। नेपाली फिल्म खेल्दा

> धेरैलाई लाग्दो हो, सुनिल थापा बलिउडमा काम नपाएर नेपाल आएका होलान्, तर होइन। नेपाली फिल्मको मायाले आएका हुन्। नेपाली फिल्ममा काम गर्दा कति नै पैसा दिन सकिन्थ्यो र ! सुनिललाई हिन्दी फिल्ममा काम गर्न अफर आउँथ्यो। काम गरेर नेपाल फर्किन्थे। नेपाललाई हृदयमा राख्ने मान्छे थिए उनी।



कति पैसा दिन सकिन्थ्यो र ! सुनिललाई हिन्दी फिल्ममा काम गर्न अफर आउँथ्यो। काम गरेर नेपाल फर्किन्थे। नेपाललाई हृदयमा राख्ने मान्छे थिए उनी। सुनिलले पैसाका लागि मात्रै काम गरेरन्। पैसाका लागि भए बलिउडमै बस्थे। उनलाई बलिउडमै राम्रो थियो। तर, नेपाली फिल्मका लागि काम गर्न बसे। सुनिल मलाई भन्थे, 'नेपालको सुटिङ परिवारभित्र बसेर पिकनिक मनाएजस्तो हुँदो रहेछ है तुलसी दाइ, मजा आयो।' नेपाली फिल्ममा पैसा थिएन। तर, इज्जत र प्रतिष्ठा थियो। उनले एकपछि अर्को फिल्ममा काम गरिरहे। नेपाली फिल्ममा सुनिलको माया बस्यो। उनलाई नेपालले नै मन परायो।

'अन्याय'मा सँगै काम गर्न नपाउँदा...

धेरैलाई आजसम्म थाहा छैन होला। सुनिल थापा फिल्म 'अन्याय'मा काम गर्ने लगभग निश्चित भइसकेको थियो। यो कुरा ०४६ सालअघिको कुरा हो। 'चिनो'भन्दा पहिल्यै। सुनिलसँग मेरो सहकार्य 'अन्याय'बाटै सुरु हुने तयारी थियो। अनुबन्ध पनि भइसकेका थिए। टुँडीखेलमा फिल्मको मुहूर्त भइसकेको थियो। मुहूर्त दृश्य नै सुनिललाई लिएर खिचिएको थियो। उनको क्यारेक्टरका लागि 'इन्स्पेक्टर'को ड्रेस सिलाइएको थियो। क्यारेक्टर बलियो थियो, आक्रामक, धारिलो र प्रभावशाली। आज पनि लाग्छ, त्यो भूमिका सुनिलले गरेको भए अर्कै उचाइमा पुग्थ्यो। उनले त्यसलाई नयाँ स्तरमै पऱ्याउँथे होला। तर, संयोगले त्यो फिल्ममा सँगै काम गर्न पाइएन। 'अन्याय' गर्न नपाएको पीडा आज पनि मनमा कताकता गढेर बसेको छ।

त्यतिवेला सुनिललाई बलिउडको ठुलो प्रोजेक्ट आयो। बलिउडमा काम पाउनु सामान्य कुरा थिएन। मैले नै उनलाई भनेँ, 'ठुलो फिल्म आएको छ भने जानुपर्छ। नेपाली फिल्म त पछि पनि गर्न सकिन्छ।' बलिउडको पारिश्रमिक पनि ठुलो थियो। हिन्दी फिल्ममा कतिपय भिलेनले हाम्रो नेपाली फिल्मको बजेटबराबरको पारिश्रमिक लिन्थे। त्यसैले बलिउडको फरक स्तर थियो, त्यसवेला।

म स्वार्थी हुन चाहिनँ। ठुलो अवसर आएपछि रोक्नुहुँदैन भन्ने लाग्यो। सुनिल अनकनाइरहेको थियो। मैले नै ठेलेर सुनिललाई बलिउडमा फर्काएँ। सुनिल स्थापित हुँदा त्यो केवल उनको व्यक्तिगत सफलता थिएन, त्यो नेपाली कलाकारका लागि गर्वको कुरा थियो। अरू नेपाली कलाकार लागि पनि बाटो बन्थ्यो। त्यसैले 'अन्याय'मा सँगै काम गर्न नपाए पनि, त्यो निर्णयप्रति आज पनि कुनै पश्चात्ताप छैन। बरु केवल एउटा अधुरो, तर रोचक सम्झना मात्रै बन्यो।

■ ३५ वर्षपछि सहकार्य

'चिनो'पछि हाम्रो सहकार्य रोकियो। किनभने, मैले बनाएको फिल्ममा सुनिललाई सुहाउँदो भूमिका नै आएन। उनी कहिलेकाहीँ हाँस्दै सोध्थे, 'मेरा लागि ठाउँ छैन ?' म ठट्टा गर्थेँ, '८० केजी बोक्न सक्ने मान्छेलाई १० केजी किन बोकाउँछु। ८० केजीको भारी भेटेपछि बोकाउँला।'

हामीबिच कहिल्यै दुरी आएन। फिल्ममा सँगै काम नगरे पनि सम्बन्ध उस्तै सुमधुर रह्यो। भेट हुँदा रमाइलो मात्र कुरा हुन्थ्यो। उनी नयाँ फिल्म आउँदा भन्थे, 'हेरेर प्रतिक्रिया दिनु।' गेटअपको फोटो पठाउँथे। हामी सँगै खाना खान्थ्यौँ। लामो-लामो गफ गरिन्थ्यो। काम, जीवन, सपनाका सबै कुरा खुला मनले बाँडिन्थ्यो।

'चिनो'देखि 'पहाड'सम्म आइपुग्दा झन्डै ३४-३५ वर्ष बितिसकेछ। 'पहाड'मा सँगै काम गर्दा हामी पुराना दिन सम्झेर हाँस्थ्यौँ। कुनै औपचारिकता थिएन। हामीबिचको सम्बन्ध कहिल्यै टुटेन। 'चिनो'को राते काइँला, 'पहाड'को मुखिया भन्दै जिस्किन्थेँ। 'चिनो'देखि 'पहाड'सम्म आइपुग्दा उनको नेपाली भाषा सुधारिएको थियो। 'पहाड'मा राम्रो नेपाली भाषा बोले। 'पहाड'मा काम गर्दा नयाँ काम गर्यौँ भन्ने लागेको थियो। सुनेका डाइलगहरू उनलाई भन्न लगाउँथेँ। 'गजब यार' भन्थे। 'पहाड'मा फरक खालको भिलेन देखिन्छन्। डराउने खालको भिलेन छन्। दुर्भाग्य, 'पहाड' रिलिज हुने वेला सुनिल छैन। यसले आफ्नो काम हेर्न पाएन।

■ सुनिलको अभाव

नेपाली फिल्मका लागि सुनिलले ठुलो अभाव छाडेर गए। निर्देशकका रूपमा मेरो ठाउँमा भोलि अर्को निर्देशक आउला। सायद मैलेभन्दा राम्रो काम पनि गर्ला। तर, सुनिलको ठाउँमा अर्को मान्छे आउँदैन। उनको जस्तो विशेषता भएको कलाकार नेपालमा छैन भन्दा पनि हुन्छ। सुनिलको अभाव नेपाली सिनेमाले सधैँ महसुस गर्नेछ।

सुटिङ सेटमा एउटा दृश्य सकिएपछि धेरै कलाकार भन्ने गर्छन्, 'मेरो काम सकियो, जाऊँ ?' तर, सुनिल त्यस्ता कलाकार थिएनन्। आफ्नो सट सकिएपछि पनि दिनभर सेटमै बस्थे। अरू कलाकारको अभिनय हेर्थे। रमाइलो मान्थे। सिक्थे, सिकाउँथे। उनी आफ्नै भूमिका मात्रै होइन, अरूको भूमिका पनि उत्तिकै चासो दिएर हेर्थे। कहिलेकाहीँ निर्देशक म भए पनि उनी हाँस्दै भन्थेँ- 'एउटा टेक फेरि लिनु न। यो भाइले झन् राम्रो गर्दै छ। गजब गरेको छ।'

त्यो हस्तक्षेप होइन, त्यो कामप्रतिको प्रेम थियो। आजकल सुन्छु, नयाँ पुस्तालाई क्यारेक्टरबाट बाहिर निस्कन गाह्रो हुन्छ रे ! तर, सुनिल क्यारेक्टरमा पस्न पनि जान्दथे, बाहिर निस्कन पनि जान्दथे। 'चिनो' राते काइँला होस् वा 'पहाड'को मुखिया, उनलाई क्यारेक्टरबाट निस्कन गाह्रो भएन। सुनिल बलिउडका स्थापित कलाकार थिए। सिनेमाप्रेमी थिए। त्यसैले, उनको ठाउँ खाली छ, र त्यो खाली ठाउँ सजिलै भरिनेवाला छैन। उनमा अझै राम्रो काम गर्ने तिर्सना थियो। हिन्दी फिल्ममा स्थापित भएर पनि उनीसँग आफूलाई फेरि प्रमाणित गर्ने भोक थियो। आफ्नो क्षमता देखाउन, अझै केही गरेर देखाउन चाहन्थे।

हाम्रो पारिवारिक सम्बन्ध फिल्मी सम्बन्धभन्दा माथि थियो। 'चिनो'को सुटिङ चलिरहेकै वेला उनको छोरा जन्मियो। हामी सबैले सेटमै बधाई दियौँ। नाम के राख्ने भन्ने छलफल चल्यो। मैले भनेँ, 'मलाई एउटा नाम मन पर्छ, राख्ने हो ?' उनले हाँस्दै सोधे, 'कुन?' मैले भनेँ, 'अनमोल।' उनी एकछिन चुप लागे। अनि खुसी हुँदै भने, 'क्या बात... ।' मलाई साह्रै मन परेको नाम थियो- अनमोल। त्यसरी पोखराबाट एउटा नाम पठाइयो- अनमोल। सुनिलको छोराको नाम अनमोल नै बस्यो।

समय सधैँ सहज हुँदैन। सुनिलको जीवनबाट धेरै सिक्न सकिन्छ। अनमोल मोटरबाइक दुर्घटनामा परे। गम्भीर चोट लाग्यो। सुनिलका लागि कठिन समय आयो। उनले त्यसवेला छोराको उपचार र आफ्नो कलाकारिता कसरी अघि बढाए होलान्, सम्झिँदा पनि अचम्म मान्छु। छोराका लागि दैनिक फिजियोथेरापी गर्नुपर्थ्यो। उनी आफैं फिजियोथेरापी गर्थे। तीन वर्षसम्म छोराको उपचारमा खटिए। छोरालाई पूर्ण रूपमा निको बनाए। सुनिल केवल कलाकार मात्र थिएनन्, उनी दुर्लभ बुबा पनि थिए। उनी रिलमा 'भिलेन', रियलमा 'हिरो' थिए।

सुनिल क्रिकेटका क्रेजी फ्यान थिए। भुइँमा सुतेर भए पनि खेल हेर्थे। बालकजस्तै थिए। उनको सबैभन्दा ठुलो विशेषता हो- सरलता। त्यति सरल मान्छे सायदै भेटिन्छन्। त्यसैले, उनका शत्रु कोही थिएनन्। सबैसँग नजिक थिए। उनको हाइट, व्यक्तित्व, स्टारडमदेखि पहिलो भेटमा धेरैजना अलि डराउँथे। तर, भेटेको दुई मिनेटमै साथी भइहाल्थे। त्यो उनको अद्भूत गुण थियो।

प्रस्तुति : **पवन बराइली**

विदेश पुऱ्याइएका सम्पदा फर्काउने संघर्ष

विदेशबाट मूर्ति फिर्ता ल्याउने क्रममा हाम्रो ऐन, कानुन र कार्यविधिका कारण साह्रै दुःख पाइरहेका छौं

सम्पदा



● गणपतिलाल श्रेष्ठ, अभियन्ता



बेलायतको बार्केट ग्यालरीबाट फिर्ता ल्याइएको वसन्तपुरस्थित कुमारी घरको तोरण

नेपाली शभित्रका सम्पदा संरक्षणबाहेक सम्पदा फर्काउने काममा पनि हामी लागिरहेका छौं । नेपाल चिनाउने विभिन्न माध्यमजस्तै हाम्रो सम्पदा पनि महत्त्वपूर्ण माध्यम हो । त्यसैले गैरकानुनी रूपमा विदेश पुगेका देवी, देवता, सम्पदाहरूको उत्पत्ति क्षेत्रको अध्ययन-अनुसन्धान गरिरहेका छौं । यसका लागि स्थानीयसँग गएर भेट्ने, तथ्य संकलन गर्ने र त्यसलाई चाहिने वस्तुनिष्ठ प्रमाण संकलन गरी सम्पदा फिर्ता ल्याउन अभियान सञ्चालन गर्दै आएका छौं ।

सम्पदा नेपाल फिर्ता आएपछि सम्पदा संग्रहालयमा राख्नुहुन्न भन्ने आवाज पनि उठाउँदै आएका छौं । ती हाम्रा देवी, देवता र हाम्रो आस्थासँग पनि जोडिएको विषय भएकाले समुदायमा क्षमापूजा गरी प्रतिस्थापना गर्ने, गराउने कार्य गर्दै आएका छौं ।

मुख्य रूपमा विभिन्न क्षेत्रका विज्ञहरूसँग पनि सहकार्य गरेर अमेरिका, अस्ट्रिया, फ्रान्स, बेलायतलगायत देशबाट हाम्रो सम्पदा फर्काउन पहल भइरहेको छ । जसमध्ये अमेरिकाबाट हाम्रो सम्पदा फर्काएर ल्याउन सफल भएका छौं । अन्य देशमा पुगेका सम्पदा फर्काउन संघर्ष जारी छ । छिमेकी राष्ट्र भारतमा समेत केही सम्पदा रहेकाले सो फिर्ताका लागि समेत पहल गर्ने कार्य गर्दै आएका छौं ।

हामीले लामो समयदेखि देशमा रहेका सम्पदा संरक्षण गर्दै आएका छौं । हाम्रो देशमा भएका कतिपय सम्पदा संरक्षण गर्नुपर्ने अवस्थामा छन् । जीर्णोद्धार गर्नुपर्ने अवस्थामा छन् । तर, विदेशमा पुगेका हाम्रा सम्पदालाई विभिन्न बहाना देखाई त्यत्तिकै छोडे हाम्रा बुबाआमा बितेपछि ज्ञानको अभावमा सो फिर्ता आउन सक्दैन । फिर्ता आए पनि संग्रहालयमा नै सीमित हुने स्थिति छ । यही कुरालाई बुझेर हामीले थप काम गर्दै छौं ।

> अमेरिका, अस्ट्रिया, फ्रान्स, बेलायतलगायत देशबाट हाम्रो सम्पदा फर्काउन पहल भइरहेको छ । जसमध्ये अमेरिकाबाट हाम्रो सम्पदा फर्काएर ल्याउन सफल भएका छौं । अन्य देशमा पुगेका सम्पदा फर्काउन संघर्ष जारी छ ।

सम्पदाविद् रवीन्द्र पुरीले सन् २०१३ सालमै सामाजिक सञ्जाल र नागरिक समाजको माध्यमबाट दबाब सिर्जना गरी राष्ट्रिय अभिलेखालयबाट चोरी भएको सम्पदा फिर्ता ल्याएका थिए । अहिले उनको म्युजियम अफ स्टोलन आर्ट एन्ड हेरिटेज नामक संस्थाको माध्यमबाट समेत चोरी भएका सम्पदा फिर्ता ल्याउने काम भइरहेको छ ।

आँखैअगाडिबाट कसरी मूर्ति चोरी हुन्छन् भन्ने म आफैंले भोगेको छु । केही समय पहिला मेरो टोल (झोछें)मा एउटा ढुंगेधारा भेटियो । ढुंगेधारामा राम्रा मूर्ति थिए, त्यो मूर्ति हराउला भन्ने चिन्ताले बिरामी नै हुने गरी धेरै रात कुरेर बसें । पछि सोही मूर्तिको सुरक्षाका लागि भनेर प्रहरी खटियो । तर, केही दिनमै मूर्ति गायब भयो । मुक्ति अमेरिका पुगेको भेटियो । यस्ता घटना मेरा अन्य साथीहरूले पनि भोगेका छन् । जसले नेपाललाई अपूरणीय क्षति पुगेको छ । त्यही क्षति देखेकाले ती सम्पदा फिर्ता ल्याउन काममा लागेको हो ।

केही वर्षयता सञ्जय अधिकारी, श्रीना नेपाललगायत कानुनी क्षेत्रका व्यक्तिसँग समेत मिलेर काम गरिरहेका छौं । जसकारण हामी सफल हुँदै गरिरहेका छौं । आफ्नो टोल, छिमेकबाट हराएका केही मूर्ति फर्काउन सफल भएका छौं ।

महत्त्वपूर्ण यस्ता सम्पदा विदेशबाट फिर्ता ल्याउने जिम्मेवारी सरकारको हो । तर, सरकारी क्षेत्रबाट यो क्षेत्रमा खासै काम हुन सकेको छैन । हामीजस्तो सम्पदा फिर्ता ल्याउन लागिपरेको समूहलाई पनि कुनै सहयोग छैन । पूरातत्त्व विभागले यसमा केही काम गर्छ । तर, विभागले पनि विभिन्न समस्या देखाउँदै नतिजाउन्मुख हुने गरी काम गरेको छैन ।

पछिल्लो समय सरकारको यसमा गम्भीरता केही बढेजस्तो देखिन्छ । तर, त्यतिले मात्र पुग्दैन । विदेशबाट मूर्ति फिर्ता ल्याउने क्रममा हाम्रो ऐन, कानुन र कार्यविधिका कारण साह्रै दुःख पाइन्छ । विभागले विभिन्न निकायसँग समन्वय गर्ने क्रममा लामो समय लाग्छ । दूतावास र विभागको सहकार्य हुन कठिन हुन्छ । सम्पदा फिर्ता आउँदा भन्सार छुट गर्न धेरै दिन लाग्छ ।


हामी यी सबै काम स्वयंसेवी भएर कुनै आर्थिक सहयोग नलिई गर्दै आएका छौं । हामी जे गरिरहेको छौं, पुण्यको कार्य गरिरहेका छौं । हामीलाई यस्ता काम गर्न अहोभाग्य प्राप्त भएको छ । काठमाडौं, ललितपुर महानगरपालिकाजस्ता केही स्थानीय तहले हाम्रो काममा सहयोग गर्न खोज्छ । तर, त्यो सहयोग दिगो हुन सकेको छैन । यस्ता काम हामीजस्ता केही व्यक्तिले मात्र गरेर हुँदैन । यसका लागि विभागलाई बलियो र सक्रिय बनाउनुपर्छ । सम्पदा प्रहरी बनाएर यस्ता कामको अनुसन्धान आवश्यक छ । र, संघीय सरकारले सम्पदा जोगाउने कामलाई प्राथमिकतामा राख्नुपर्छ ।

प्रस्तुति : **शान्ति तामाङ**

डाक्टरले देखेको देश

चार दशकअघि बंगलादेशमा एमबिबिएस पढ्दा पाएको छात्रवृत्ति जोगाएर क्यामेरा किर्नें, त्यहींबाट सुरु भयो, मेरो फोटोग्राफी

फोटोग्राफर डाक्टर



● डा. गोविन्द केसी

कलेज जीवनदेखि नै फोटोग्राफीप्रति गहिरो रुचि थियो । वेलावेला साथीहरूको क्यामेरा लिएर प्राकृतिक दृश्य र पशुपन्छीको फोटो खिच्थें । सन् १९८६ को जनवरीमा बंगलादेशको राजशाही मेडिकल कलेजबाट एमबिबिएसको इन्टर्नसिप सकाएँ । त्यहाँ पढ्दा छात्रवृत्तिको रकमबाट जोगाएर एउटा क्यामेरा किर्नें । त्यहीबाट सुरु भयो, मेरो फोटोग्राफी । त्यसयता विभिन्न पुस्ता र प्रविधिका अनेक क्यामेरा र मोबाइलबाट निरन्तर फोटो खिचिरहेको छु ।

देशका सबै जिल्ला पुगें । अध्ययन, तालिम र मानवीय सहायताका लागि सातै महादेशका विभिन्न देशमा पुगें । ती स्थानहरूमा पुग्दा नबिराई फोटो खिचेको छु । विशेषतः सन् १९९३ मा हाडजोर्नी विषयमा स्नातकोत्तर डिग्री हासिल गरेयता देशभित्र स्वास्थ्य शिविर चलाउने र स्वास्थ्यकर्मीलाई हाडजोर्नीसम्बन्धी आधारभूत तालिम दिन सुरु गरें । सबैभन्दा धेरै फोटो त्यसै क्रममा खिचें ।

सेवा दिन घुम्ने क्रममा नेपालका गाउँ र सहरको आर्थिक, शैक्षिक, स्वास्थ्य र राजनीतिक स्थितिको जानकारी लिन पाएँ । विभिन्न खाले स्वास्थ्य प्रणालीलाई तुलना गरेर तिनका सबल र दुर्बल पक्ष बुझ्न सहयोग गऱ्यो । यात्राका क्रममा लोकतन्त्र, शासकीय व्यवस्था र सभ्यताबारे नै तुलनात्मक अध्ययन गर्न पाएँ । शैक्षिक, राजनीतिक र सामाजिक मानक र विधिको शासनका हिसाबले पनि नेपाललाई अन्य मुलुकसित तुलना गर्ने अवसर पाएँ ।



यसबाट मलाई बोध भयो– लोकतन्त्र आएको यत्तिका दशक भइसक्दा पनि हामी नेपाली नागरिक राजनीतिक नेतृत्वबाट नराम्ररी ठगिइरहेका छौं । यो बोधले ममा सधैं अन्यायविरुद्ध आवाज उठाउने प्रण जन्माइदियो र नैतिक आधार पनि दियो । समाजको ठगिएको र हेपिएको तप्काका लागि आवाज उठाउनुपर्ने कर्तव्यबोध पनि भयो ।

सशस्त्र युद्धका वेला पनि देश घुमें । त्यस क्रममा युद्धको बीभत्स रूपलाई आफ्नै आँखाले देख्न पाएँ । दुवै पक्षका र सर्वसाधारण घाइतेलाई सेवा गर्ने मौका पाएँ । त्यस क्रममा मैले के पनि देखें भने युवा र बालबालिका हिंसामा लाग्न थालेका थिए । हिंसा एउटा पुस्ताका युवाको आदर्शका रूपमा स्थापित हुँदै थियो । गाउँहरूमा स्वास्थ्य शिविर मात्रै चलाइनँ, स्कुलहरूमा गएर विद्यार्थीलाई अहिंसाको महत्त्व र नागरिक कर्तव्यबारे पनि बताएँ । त्यसो गर्दा मैले धम्की पनि खेप्नुपऱ्यो ।

त्रिवि शिक्षण अस्पतालबाट प्राध्यापक पदबाट निवृत्त भएको पनि ६ वर्ष पुगिसकेको छ । देशभित्र र बाहिर आममानिसलाई स्वास्थ्य सेवा दिने र तस्बिर खिच्ने क्रम पनि जारी छ । राज्यका जिम्मेवार पदमा हुनेलाई खबरदारी गरिरहने जिम्मेवारी त छँदै छ । धेरैले मलाई आत्मकथा वा संस्मरण लेख्नुस् भन्छन् । तर, मलाई म आफू स्वयं प्रकाशित हुने कुरामा भन्दा नेपालको अवस्था प्रकाशित गर्ने कुरामा रुचि थियो । धेरैले मलाई अनशन (सत्याग्रह) बस्न थालेपछि चिने, तर यो किताब (डाक्टरले देखेको नेपाल) पढेपछि उनीहरूले म किन विद्रोही, आन्दोलनकारी भएँ भनेर बुझ्नेछन् । यो पुस्तकले आंशिक मात्र भए पनि नेपालको सानो चित्र देखाउनेछ भन्ने मेरो विश्वास छ । यो पुस्तक अनलाइन बुकस्टोर 'थुप्रै'बाट किन्न सक्नु हुनेछ । ७७ वटै जिल्लाका तस्बिरहरू भएको यो पुस्तक सरकारी उच्च माध्यमिक र महाविद्यालयहरूलाई उपयुक्त प्रक्रिया पुऱ्याएर आए एकप्रति निःशुल्क प्रदान गरिने व्यवस्था छ ।




डोटी सानागाउँमा नुहाएपछि बोरा ओढिरहेकी बालिका



महाकाली नदीमा बनाइएको काठेबाटो



०७२को भूकम्पका वेला थुन्सेमा आफ्ना सन्तान बोक्दै गोरखाकी महिला





ओखलमा अन्न कुट्दै डोल्पाली महिला



ओखलढुंगा बजारनजिकै फुलेको घन्टीफूल

साप्ताहिक राशिफल

२ फागुन (शनिबार)
८ फागुन (शुक्रबार)



● सुरेशचन्द्र रिजाल
ज्योतिष तथा वास्तुविद् । मो. : ९८५१०६११२४

मेष

(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

भाग्य भाव सक्रिय भएकाले नयाँ व्यक्ति र नयाँ अवसरसँग भेट गराउनेछ । अचानक प्रेम प्रस्ताव वा सन्देशले मन खुसी बनाउनेछ । फरक सोच र शैलीले आकर्षण बढ्नेछ । आम्दानी बढ्ने र अड्किएको रकम हातलागी हुने योग छ । अध्ययन, तालिम वा धार्मिक यात्राबाट फाइदा हुनेछ । प्रेमसम्बन्धमा नजिकिने समय छ । यात्रामा भने सावधानी अपनाउनु उचित हुन्छ ।

वृष

(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

चन्द्रमाको प्रभावले यात्रा वा रमाइलो भेटघाटको योग छ । नयाँ प्रेमको सुरुवात हुन सक्छ । आर्थिक पक्षमा सोच बढ्नेछ । मन शान्त रहनेछ र गोप्य योजना सफल बन्ने संकेत छ । प्रेमी वा जीवनसाथीसँग भावनात्मक दूरी घट्नेछ । सप्ताहान्तमा सहयोगीहरूको साथले काम बन्नेछ । अनावश्यक खर्चमा भने नियन्त्रण आवश्यक देखिन्छ ।

मिथुन

(का, कि, कु, घ, ङ, छ, के, को, ह)

साथीभाइसित भेटघाट हुनुका साथै मनोरञ्जनात्मक काममा संलग्न भइनेछ । दाम्पत्य जीवनमा उत्साह बढ्नेछ । साझेदारी पक्ष बलियो हुनेछ । रोकिएका काम बन्नेछन् । भूमि वा घरसम्बन्धी विषयमा सोच अघि बढ्नेछ । साथीभाइबाट सहयोग पाइनेछ । सप्ताहान्तमा मानसम्मान र लाभ मिल्ने योग छ । बुद्धिको उपयोग गर्दा जटिल ठानिएको कार्य सम्पादन हुनेछ ।

कर्कट

(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

काम र जिम्मेवारी बढ्ने समय हो । मिहिनेतको फल ढिलो भए पनि सुनिश्चित देखिन्छ । मानसिक दबाब बढ्न सक्छ । सप्ताहान्तमा यात्रा र अतिरिक्त आम्दानीको योग बनेको छ । रमाइलो यात्रा र अतिरिक्त आम्दानी हुनेछ । महिला वा मित्रबाट विशेष सहयोग पनि मिल्नेछ । परिवारले पनि प्रेमसम्बन्धलाई सहज रूपमा स्वीकार गर्ने संकेत देखिन्छ ।

सिंह

(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

प्रेम, सन्तान र सिर्जनशीलता बलियो बनाउनेछ । सामाजिक मानसम्मान बढ्नेछ । मध्य सातामा जिद्दीपनाले हानि पुऱ्याउन सक्छ । सोचविचार गरेर निर्णय लिनु राम्रो हुनेछ । प्रेमसम्बन्ध सुदृढ बन्ने सम्भावना छ । पर्यटकीयस्थलको भ्रमणले मन लोभ्याउनेछ । सामाजिक क्षेत्रबाट मानसम्मान मिल्नेछ । सानो प्रयत्नले ठुलो काम सम्पादन हुनेछ ।

कन्या

(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

घरपरिवार र सम्पत्तिसम्बन्धी विषय सक्रिय रहनेछ । रोकिएका काम बन्नेछन् । उद्योग-व्यवसायबाट लाभ हुनेछ । प्रतिस्पर्धीहरू पनि सहयोगी बन्न सक्छन् । भावनात्मक विषयमा कठोर निर्णय नगर्नु राम्रो हुन्छ । विभिन्न उपहार प्राप्त हुने समय छ । साताको अन्त्यमा सहयोगीहरूले राम्रो साथ दिनेछन् । रोकिएका काम बन्ने र नयाँ काम सुरु गर्ने समय छ ।

तुला

(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

चन्द्रमाको शुभ प्रभावले साहस र सञ्चार क्षमता बढ्नेछ । विगतका वाचा पूरा हुनेछन् । दाजुभाइ तथा नजिकका साथीसँग सम्बन्ध सुधार हुनेछ । विदेश जानेका लागि शुभ समाचारको संकेत देखिएको छ । विगतमा दिएको वचन पूरा गरिनेछ । सप्ताहान्तमा विद्यार्थीहरूका लागि सुखद समाचार आउला । विदेश ताक्नेहरूलाई यात्राको प्रक्रिया अघि बढ्नेछ ।

वृश्चिक

(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

आर्थिक विषय प्रमुख रहनेछ । आयका नयाँ बाटा देखिनेछन् । यात्राको योजना अघि बढ्नेछ । विचार र रणनीतिले सफलता मिल्नेछ । बिहीबारपछि जोखिमपूर्ण जिम्मेवारी आउन सक्ने भएकाले कानुनी र व्यावहारिक सावधानी अपनाउनु आवश्यक छ । वैधानिक प्रावधानले पनि घुमाउरो मार्गबाट मात्र लक्ष्यमा पुग्न सकिनेछ ।

धनु

(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

साताको प्रारम्भमा आत्मबल र निर्णय क्षमता उच्च रहनेछ । उद्योग, व्यापार र पशुपालनबाट राम्रो फाइदा हुनेछ । पुराना समस्या समाधान हुनेछन् । सप्ताहान्तमा परिस्थिति अनुकूल भई लक्ष्यमा पुगिनेछ । पुरानो समस्यालाई निराकरण गर्ने उपाय सुझ्नेछ । साताको अन्त्यमा कमाएको धन सञ्चित हुनेछ वा पारमार्थिक काममा लगानी गर्ने योग रहेको छ ।

मकर

(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

मनभित्रका कुराले बढी प्रभाव पार्ने समय चलिरहँदा, पारिवारिक भेटघाट र विशेष व्यक्तिसँग भेट हुने योग छ । पठनपाठनमा प्रगति हुनेछ । स्वादिष्ट भोजनको अवसर मिल्नेछ । सहयोगीहरूले सकेको सहयोग गर्नेछन् । सप्ताहान्तमा स्वास्थ्यमा गडबडी देखापर्न सक्छ । सोखले खर्च गराए पनि उद्देश्य पूरा नहुन सक्छ ।

कुम्भ

(गु, गे, गो, सा, सि, सु, से, सो, द)

बिग्रन लागेको कामबाट पनि केही लाभ मिल्नेछ । मिहिनेतले प्रतिष्ठा बढाउने अवसर छ । नयाँ ज्ञान र सिप प्राप्त हुनेछ । आगन्तुकका कारण योजना प्रभावित हुन सक्छ । पढाइमा पनि राम्रै प्रगति हुनेछ । नयाँ ज्ञान प्राप्त हुने योग छ । सप्ताहान्तमा विभिन्न भौतिक साधन जुट्नेछन् भने गरेका कामबाट प्रशस्त लाभ हुनेछ ।

मीन

(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

साताको प्रारम्भबाटै कर्मभाव सक्रिय हुनाले कामकाजमा सफलता मिल्नेछ । सरकारी वा प्रशासनिक क्षेत्रमा लाभ देखिन्छ । आम्दानीका नयाँ स्रोत खुल्नेछन् । बिहीबारपछि खर्च पनि बढ्न सक्ने भएकाले सन्तुलन आवश्यक छ । काममा उत्साह बढ्नेछ । मनको कुरा खुलेर राख्दा सम्बन्ध बलियो बन्नेछ । एकतर्फी प्रेमले पनि सकारात्मक मोड लिन सक्छ ।

कविता



● विन्दु परियार



हुम्लाको सिमकोटमा बारी जोतिरहेका किसान ।



आरनमा काम गर्दै गोरखाका किशोर



बर्दियाको एक स्वास्थ्य चौकीबाट बयलगाडामा फर्किँदै एक सुत्केरी





हुम्लामा खच्चरमा दाउरा ओसार्दै



जुम्लामा काठ बोकिरहेकी महिला



सप्तरीको एक घर



पेरुंगोमा कुखुरा बोकेर बिक्री गर्न हिँडेका भोजपुरका किसान



म्याग्दीको कालीगण्डकी किनारमा फोहोरबाट सामग्री बटुल्दै महिला

म मरेर जित्नेछु

तिमी र मबिचको दूरी
सिर्फ रूपको होइन,
नियतिको विभाजन हो ।
तिमी लडेर जित्छौ, तर म ?

मेरा बाल्यस्मृति
कपडासँगै खोसिएका पहिचान छन्
मेरा सपनाहरू
लाज र अपमानको धुलोमा पुरिएका छन्
यौवनमा पाइला राख्दै गर्दा
समाजले मलाई 'फरक' भनेर तोडिदियो,
र मेरो प्रेमलाई उपहासको भित्तामा टाँसिदियो

तिमीले पुरुष देख्ने मेरो अनुहारभित्र
एक नारीको संसार लुकेको छ
हाँस्न सक्ने, रोएर हलुका हुने,
तर देखाउन नपाउने संसार,
चिम्टाले उखलिएका दाह्रीहरू अब पीडा दिँदैनन्
उनीहरू मेरो मौन प्रतिवाद हुन्
छातीभित्र टाँसिएका सिलिकन,
खोक्रोपन होइनन्,
आत्माको आकार हो
प्लास्टिक सर्जरीले बनेको
यो देह कुनै नाटक होइन,
यो मेरो आत्माले खोजेको स्वरूप हो
मलाई प्रकृतिले नै नारी बनाएर पठाइन्,
मैले प्रकृतिलाई अलिकति
सजाइदिएकी मात्रै थिएँ
तैपनी तिम्रो समाजले 'तेस्रो' भनेर छुट्यायो

तिमी समाजको सन्तान हौ,
तिम्रो नामले सम्मान पाउँछ,
तर मेरो नाम बोलिँदा
किन हाँसो, तिरस्कार, र मौनको विष झर्छ ?
मेरा श्रम प्रश्न बन्ने गर्छन्,
म भोको पेटको मारले तड्पिरहँदा
मैले ताली बजाइरहँदा
रोडमा, गल्लीमा सस्तो भाउमा पस्किरहँदा,
यो समाज र सरकारसँग प्रश्न गर्ने आँट किन गर्दैनौ ?
मेरो तालिको रहस्य के हो ?
के यो प्रतिवाद हो?
यो ताली त्यो गतिलो झापड हो.....
जो म आफ्नै औकातमै आएर यो समाजमाथि बजाइरहेकी छु

जब यो संसार निदाउँछ,
म रातको शून्यतामा ब्युँझन्छु
त्यो अँध्यारोमा म आफैँलाई भेट्छु
नारी, आत्मा, र आगोको झिल्कोको रूपमा म हरेक रात बलिरहन्छु
न डर, न लाज तर एउटा अटल जिद्द बाँकी छ,
जसले फुसफुसाउँछ 'अझै बाँच, अझै उज्यालो खोज ।'
हो तिमी मलाई तेस्रो मान्छौ
तर मेरो माया, मेरो पीडा, र मेरो सपना
पहिलोजस्तै साँचो छ
हो, तिमी लडेर जित्छौ,
तर म मरेर जित्नेछु
यही मृत्युमा मेरो मुक्ति लुकेको छ ।

जनआन्दोलनका ती सहयात्री



सत्ता सधैं जनताको विरुद्धमा हुन्छ, म सधैं सत्ताको विरुद्धमा हुन्छु

ती दिन



● अर्जुन पराजुली, कवि

सानैदेखि विद्रोही स्वभावको थिएँ । त्यही स्वभावका कारण २०४६ सालको पहिलो जनआन्दोलनमा स्वस्फूर्त रूपमा सडकमा गएँ । सानैदेखि कविता लेख्थेँ । म कुनै दल, संगठनको सदस्य थिइनँ । तैपनि, त्यतिवेलाको प्रगतिशीलहरूले मलाई कविता भन्न बोलाउँथे । म जान्थेँ । कविता सुनाउँथेँ । मेरो कविता सुरुदेखि नै सबैले मन पराउँथे । टंक आचार्य, थरेन्द्र बराल, लक्ष्मण गाम्नागे, माणिकरत्न शाक्य, नरनाथ लुइँटेल, धीरेन्द्र प्रेमर्षि, चट्याङ मास्टर, देवी घिमिरे, मसहितका नौजना मिलेर २०५५ वैशाख १९ मा 'सिस्नुपानी नेपाल'को स्थापना गर्‍यौं ।

नागरिक आन्दोलनका क्रममा गीत, कविता सुनाउँथ्यौं । नाटक देखाउँथ्यौं । ०६२/६३ को दोस्रो आन्दोलनका क्रममा बानेश्वरमा ठुलो सभा गर्ने भन्ने भयो । त्यहाँ हामी नागरिकले आफ्नो कुरा सुनाउने अनि दलका नेता भुइँमा बसेर सुन्ने कार्यक्रम थियो । त्यो कार्यक्रमको सिलसिलामा कविता पनि पढ्ने मान्छे चाहियो भन्ने भएपछि मलाई बोलाइयो । त्योभन्दा अघि प्रगतिशील साहित्यिक संस्थाले आयोजना गरेका कार्यक्रममा गई कविता सुनाउँथेँ ।

> कसैले मरेपछि बाँच्नका लागि कविता लेख्छन् । उनीहरूका लागि ठिकै होला । तर, मलाई जिउँदैमा बाँच्नु छ । मेरा कारणले अरूलाई राहत होस् भन्ने छ । देश भाग लगाउने हो भने मेरो पनि एक टुक्रा भाग आउँछ । केही नभएको, खानलाउन नसक्नेको पनि एक भाग हुनुपर्छ ।

०६२/६२ को आन्दोलनमा हाम्रो एजेन्डा लोकतन्त्र थियो । राजा फाल्नु थियो । तर, धेरैले हामीलाई माओवादी भने । राजाको पालामा विदेशी पैसा ल्याएर खाए भने । सधैं सत्ताको विरोधी भएपछि सत्तामा बस्नेले धेरैथरी आरोप लगाए । अहिलेसम्म मेरो कुनै संघ, संगठन, दल छैन । तर, मलाई लागेको कुरा कवितामार्फत स्पष्ट भन्छु ।

दोस्रो जनआन्दोलनमा हामी ज्यान नै माया मारेर हिँडेका थियौं । हामीलाई मार्छ भन्थे । त्यतिवेलाका कतिपय कुरा भन्न सक्दैनौं । तैपनि, हामी खुला नै हिड्थ्यौं । त्यो आन्दोलनमा राजाले कर्फ्यु लगाएपछि पहिलो कर्फ्यु हामीले नै तोडेका थियौं । त्यसपछि पद्मरत्न तुलाधर, दमननाथ ढुंगाना, लक्ष्मण अर्याल, महेश मास्के, श्याम श्रेष्ठ, सुन्दरमणि दीक्षितलगायत २४ जना पत्रकाउ परेका थियौं । त्यतिवेला मास्केको महाराजगन्जको कार्यालयमा बैठक बसेर गिरफ्तारी दिने कि नदिने भन्ने छलफल गर्‍यौं । कसैले दिने कसैले नदिने भनेर द्वन्द्व भएको थियो । कतिपयले गोली हान्छ, मरिन्छ, भन्ने कुरा गरेका थिए । गोली हाने हान्छ गिरफ्तारी दिऊँ भन्ने भयो । ०६३ वैशाख ११ गते राजतन्त्र ढलेपछि हामी निस्कियौं ।

आन्दोलनकै क्रममा विभिन्न स्थानमा कविता सुनाएँ । अहिले सांसद, मन्त्री, मुख्यमन्त्री भएकाहरू तपाईंहरूको कविता हामीले पनि सुन्न हुन्छ ? भनेर प्रश्न गर्थे । त्यो वेला दल र राजनीतिज्ञको हालत त्यस्तो थियो । त्यो कुरा बिर्सेर अहिले देशलाई त्यही हालतमा पुऱ्याएका छन् । त्यसैले, ०६२/६३ जस्तै गरेर फेरि अर्को पुस्ताले आन्दोलन गर्नुपऱ्यो ।

विद्यार्थी राजनीतिबाट उदाएका रामकुमारी झाँक्रीको त्यही आन्दोलनका क्रममा टाउको फुटेको थियो । त्यो रक्तमुछेल रामकुमारीको फोटोलाई पोस्टरको रूपमा अहिलेको विद्युत् प्राधिकरणको भित्तामा टाँसिएको थियो । त्यहाँ मेरो कविता पनि थियो । अहिले त्यो वेलाको रामकुमारी झाँक्री छैनन् । त्यो वेला प्रचण्ड पनि हिरो नै थिए । त्यो वेलाको व्यवस्था पल्टाउन हिँडेका हिरो नै हुन् उनी । उहिले व्यवस्थाको विरोध गर्नेहरू अहिले सत्तामा पुगे । सत्तामा पुगेपछि उनीहरूले व्यवस्थालाई यस्तो अवस्थामा पुऱ्याउन महत्त्वपूर्ण भूमिमा खेले । केपी ओलीलाई मैले ती आन्दोलनमा कहिल्यै देखिनँ । यो व्यवस्था उनको होइन ।

त्यतिवेला विद्यार्थी नेता गगन थापाले गणतन्त्रको नारा उठाएका थिए । बिचमा गगन हराए । मलाई लाग्छ, अहिले फेरि गगन फिर्ता आएका छन् । अहिले त्यतिवेलाका सहयात्रीसँग मेरो सम्पर्क छैन । किनभने, मलाई आवश्यकता छैन । अहिले मसँग सम्पर्क भएको भनेको कृष्ण पहाडी मात्र हुन् । अरू बाटोघाटोमा भेट्ने कहिलेकाहीं फाट्टफुट्ट भेटिने मात्र हुन् ।

सबै लागेर व्यवस्था परिवर्तन गर्‍यौं । तर, सबैको आ-आफ्नै उद्देश्य रहेछन् । आन्दोलन सफल भएपछि कसैलाई सांसद बन्छु, कसैलाई प्रतिष्ठानमा जागिर पाउँछु भन्ने थियो होला । त्यो आन्दोलनमा लाग्नेहरू अहिले खोज्दा दिनेले दिएन भने बेग्लै कुरा, होइन भने सबैजना कुनै पद, सुविधा नलिईकन बसेकोजस्तो लाग्दैन । कुनै पनि पद लिँदै नलिने भनेर घोषणा गरेकोचाहिँ कृष्ण पहाडी दाइ र मैले नै हो ।

हामी यो देशका नागरिक हौं । अन्याय सहन सक्दैनौं । सबैभन्दा ठुलो कुरा कर्तव्य पनि भयो । कम्तीमा आफूले थाहा पाएको कुरा सबैलाई जानकारी दिनुपऱ्यो । सकिन्छ भने बाचुन्जेल नचाहिने कुराको विरोध गर्नुपऱ्यो भनेर नै यसरी लागेका हौं । मानव अधिकार तथा शान्ति समाजको आयोजनामा जसरी पनि निर्वाचन हुनुपर्छ भनेर हामी केही समयअघि मात्र विभिन्न जिल्लामा गई कार्यक्रम गरेर फर्किर्यौं ।

मेरो कविता दुखीजनका लागि

कवितामार्फत मेरो उद्देश्य बोल्न नसक्नेहरूका लागि बोलिदिने हो । त्यो मेरो आफ्नो बोली होइन । म परिवर्तन चाहने मान्छे हुँ । मलाई मरेपछि पनि बाँचिरहने रहर छैन । मरेपछि सकियो । मैले मरेपछि बाँच्नका लागि कविता लेखेको होइन । जीवन छँदै योगदान गर्न सकें भने कम्तीमा नराम्रो कुरालाई अप्ट्यारो पार्न सकें वा जनतालाई चेतना दिलाउन सकें भने त्यो नै ठुलो कुरा हो ।

सत्ता सधैं जनताको विरुद्धमा हुन्छ । म सधैं सत्ताको विरुद्धमा हुन्छु । सत्ता सधैं विरोधी भइहाल्यो । प्रत्येक मान्छेले लेखेका कुरा कविता हुन सक्छन् । होइन भन्ने हो को ? कसले प्रमाणित गरिदिन्छ यो हो वा होइन भन्ने ? कसैले ढुंगामाटोका लागि कविता लेख्छन् । त्यो पनि ठिकै होला । कसैले मरेपछि बाँच्नका लागि कविता लेख्छन् । उनीहरूका लागि ठिकै होला । तर, मलाई जिउँदैमा बाँच्नु छ । मेरा कारणले अरूलाई राहत होस् भन्ने छ । देश भाग लगाउने हो भने मेरो पनि एक टुक्रा भाग आउँछ । केही नभएको, खानलाउन नसक्नेको पनि एक भाग हुनुपर्छ ।

बदमासी गर्नेले, भ्रष्टाचार गर्नेले, कु काम गर्नेले, कुशासन गर्नेले, दुशासन चलाउनेले मेरो कविताको आलोचना गर्छन् । आलोचना जति धेरै भयो, त्यति नै मेरो कविताले काम गऱ्यो भन्ने लाग्छ । मैले बन्दुक हानेको होइन । तर, त्यसले कति मान्छेलाई राहत भएको छ । म पक्षधरतामा विश्वास गर्छु । बोल्न नसक्ने, अन्यायमा परेकाको लागि बोल्ने हो । गरिब, दुःखीको आवाज बोल्ने हो । त्यसै पनि एक पक्ष त विरोधी भइहाल्छ । न्यायको पक्षमा उभिएको छु । मलाई आलोचनाले केही फरक पार्दैन । सम्पूर्ण मान्छे एकातिर भए पनि मलाई लागेको कुरा बोल्ने हो । मलाई पद, तक्मा, पुरस्कार केही पाउनु छैन । मैले ती सबै कुरालाई बहिष्कार गरेको छु ।

बलियोले निर्धोलाई गरेको अन्याय सहन सक्दिनँ । सानैदेखि म त्यस्तै हो । कविता लेख्नु मेरो कर्तव्य हो । जतिवेलासम्म मेरो चेतना हुन्छ, त्यतिवेलासम्म मेरो हात चल्छ । जुन दिनसम्म दिमाग चल्छ, कविता लेख्छु । हात चलेन भने पनि अरूलाई लेख्न लगाउँछु । किनभने, कविता त सास फेरेजस्तै हो ।

सानोमा अलि बुझ्ने हुँदा लाग्थ्यो, जेलमा हुनुपर्ने मान्छेहरू कसरी सरकारमा भए ? अहिले यो उमेर हुँदा पनि मलाई लाग्छ, जेलमा हुनुपर्ने मान्छे सरकारमा कसरी गयो ? यो सम्झँदा लाग्छ, मेरो जिन्दगी जिरो भयो । देश बन्ला भन्दाभन्दै मर्ने वेला भयो । त्यसैले चेतनाले काम गरेसम्म कविता लेख्छु ।

प्रस्तुति : **शान्ति तामाङ**

झ्याप्पै !



रवि मिश्र
@rabimishra



नेपाली समर्थकमय वानखेडे

टी-२० विश्वकपमा अमेरिका, बेलायत, अस्ट्रेलियालगायत देशबाट समेत नेपाली समर्थक मुम्बई आएका छन्

मुम्बई डायरी



● रमेश सुवेदी



मुम्बईको मरिन ड्राइभमा जम्मा भएका नेपाली समर्थक



वानखेडे स्टेडियममा नेपाल र इंग्ल्यान्डबिचको खेल सकिएपछि नेपाली क्रिकेटर

मुम्बईमा मरिन ड्राइभ, गेट वे अफ इन्डिया र जुहुबिचमा धेरै भिड लाग्ने रहेछ। यी स्थानमा 'फोटो क्लिक' नगर्दासम्म मुम्बई आएकोजस्तो लाग्दैन। विश्वकप चलिरहँदा यी ठाउँमा अधिकांश नेपाली नै देखिन्छन्।

विश्वकै महँगो सहरमध्ये एकमा पर्छ मुम्बई। बलिउड स्टारदेखि भारतका ठुला धनाढ्यको निजी महल भएको सहर पनि मुम्बई नै हो। बलिउड स्टारदेखि क्रिकेटका 'भगवान्' भनेर चिनिने सचिन तेन्दुलकर तथा विश्वकै धनाढ्य सूचीमा आउने मुकेश अम्बानी पनि मुम्बईकै हुन्।

विश्वकै ब्रान्डिङ सहरमा अहिले १०औँ आइसिसी टी-२० विश्वकप चलिरहेको छ। समुद्री किनार (मरिन ड्राइभ)को मुखैमा रहेको विश्व क्रिकेटकै प्रसिद्ध वानखेडे रंगशालामा नेपाली दर्शकको उपस्थितिले विश्वलाई नै चकित बनाएको छ। आइसिसीले नेपालको सबै खेल वानखेडे रंगशालामा राखेको कारण पनि अहिले वानखेडे रंगशाला र नजिकै रहेको मरिन ड्राइभ एक किसिमले नेपाली समर्थकमय बनेको छ।

नेपालको खेल हुँदा कम्तीमा १५ देखि १९ हजार दर्शकले रंगशाला भरियो। इंग्ल्यान्डविरुद्धको सानदार प्रदर्शन वा इटालीसँग १० विकेटले पराजित हुँदा नेपाली समर्थकले मिश्रित अनुभव बटुले। मैदानभित्रको नतिजा मैदानभित्र नै रहन्छ। जब मैदानबाट निस्केको केही सेकेन्डमै मरिन ड्राइभ पुगिन्छ। हार या जित सबै बिर्सेर त्यहाँको अनुभव लिन र मेमोरी क्लिक गर्न सबैलाई हतार हुन्छ। यतिबेला नेपाली समर्थक मुम्बईमा रमाइरहेका छन्। बिहान वा साँझ सयौँ संख्यामा समुद्री किनारमा चन्द्र र सूर्य अंकित नेपाली जर्सीमा नेपाली भेटिन्छन्।

नेपालको खेल हेर्न काठमाडौंको मूलपानीबाट रेवा आचार्य परिवारसहित मुम्बई आइपुगिन्। 'हाम्रो घरमै क्रिकेटको माहोल छ। मूलपानीको क्रिकेट माहोलले होला, मैदानमै गएर वा घरको छतबाटै भए पनि खेल हेर्छु,' रेवा भन्छिन्, 'त्यसैले पनि मुम्बईले तान्यो। अब, वेस्ट इन्डिजको खेल हेरेर नेपाल फर्किन्छु।'

विश्वकपको पहिलो खेलमै नेपालले इंग्ल्यान्डसँग खेल्यो। कप्तान रोहितकुमार पौडेल र उपकप्तान दीपेन्द्र सिंह ऐरी तथा लोकेश बमले सानदार प्रदर्शन गरे। टेस्ट राष्ट्रविरुद्धको पहिलो भेटमै नेपालले सनसनीपूर्ण प्रदर्शन गर्‍यो। अन्तिम बलमा मात्रै नेपालजस्तो देशविरुद्ध इंग्ल्यान्डले जित निकालेको थियो। यही कारण पनि रेवाको परिवारजस्तै धेरै समर्थक मुम्बई आएका छन्।

विपना शाह भारतकै प्रयागनगरीमा आफ्नो दैनिकी बिताउँदै आएकी छिन्। पछिल्लो दशक भारतमै रहेकी विपना पहिलोपटक नेपालको खेल हेर्न मुम्बई पुगेकी हुन्। 'म पहिलोपटक नेपालको खेल हेर्न मुम्बई आइरहेको छु,' उनले सुनाइन्, 'सँगै मुम्बई सहर यही मौकामा घुमौं भनेर साथीहरूसँगै आएँ।'

मुम्बईमा मरिन ड्राइभ, गेट वे अफ इन्डिया र जुहुबिचमा धेरै भिड लाग्ने रहेछ। यी स्थानमा 'फोटो क्लिक' नगर्दासम्म मुम्बई आएकोजस्तो लाग्दैन। विश्वकप चलिरहँदा यी ठाउँमा अधिकांश नेपाली नै देखिन्छन्। खासमा ती नेपाली नेपालको खेल हेर्न मात्र आएका हुन्। यसै अवसर पारेर मुम्बई सहरका मेमोरी संकलन गरिरहेका छन्।

बिहीबारको माहोल भने फरक रह्यो। समूह 'सी'मा आइसिसी वरीयताको २७औँ स्थानमा रहेको इटालीसँग नेपाल १० विकेटले स्तब्ध भयो। खेल पनि निर्धारित समयभन्दा एक घन्टा अगाडि सकियो। जुन नतिजा समग्र नेपाली खेलाडीले सोच्दै नसोचेको थियो। वानखेडे रंगशालामा बोकेको पीडा बिसाउन हजारौँ नेपाली समर्थक मरिन ड्राइभमा इभिनिङ वार्कमा निस्किएका थिए। 'अहिले मुम्बईको मौसम सबैभन्दा उत्तम हो। भारतमा कुनै पनि समय चिसो हुँदैन,' अछामका नरेश विश्वकर्माले भने, 'साथीहरूसँग ३-४ घन्टा नै मरिन ड्राइभमा सुतेर आनन्दित हुने गर्छु।'

> मुम्बईमा धेरै नेपाली बस्छन्। त्यहाँ प्रायः सुदूरपश्चिम र कर्णाली प्रदेशका नेपाली भेटिन्छन्। अधिकांश नेपाली होटेलमा काम गर्छन्। यहाँको धनाढ्यदेखि साना-ठुला होटेल र अपार्टमेन्टमै नेपाली सुरक्षागार्डका रूपमा खटिरहेका हुन्छन्। खेल हेर्न आउने पनि धेरै यहींका नेपाली छन्।

नरेशको कर्मक्षेत्र नै मुम्बई हो। केही वर्षअघि उनले वानखेडे रंगशालानजिकै रहेको होटेलमा काम गरेका थिए। विश्वकपमा नेपालको सबै खेल वानखेडेमा तय भएपछि नरेश धेरै खुसी भएका थिए। 'मुम्बईमै केही बढी पैसा तिरेर नेपालको जर्सी र झन्डा किनें। पहिलो खेलमा इंग्ल्यान्डविरुद्धको नेपाल हारे पनि मन प्रफुल्लित भएको थियो,' उनले भने, 'दुईपटकको विश्व विजेताविरुद्ध नेपालले बहादुरी प्रदर्शन गरेका थिए। नेपाली खेलाडीको सबैले तारिफ गरे।'

दोस्रो खेल कमजार भयो। विश्वकपमा नेपालले इतिहासकै कमजोर प्रदर्शन गर्‍यो। इंग्ल्यान्डसँगको खेल हेर्न जोकोहीले अनुमान पनि गर्न सकेका थिएनन्। वानखेडे रंगशालामा वासासाहेब ठाकुर प्रेस रुममा पुग्दा पनि अधिकांश भारतीय पत्रकारले नेपालले सहज जित निकाल्ने घोषणा गरेका थिए। तर, मैदानबाट नतिजा भने ठिक उल्टो आयो। नेपाली खेलाडी क्रिजमा टिक्नै सकेनन्, धैर्य कम देखियो। यही हारपछि दुखी भएर नरेश मरिन ड्राइभमा पुगेका थिए। 'यस्तोखाले हार कहिल्यै देख्न नपरोस्, कस्तो खेलेको नेपालले ?' उनले प्रश्न गरे।

मुम्बईमा धेरै नेपाली बस्छन्। त्यहाँ प्रायः सुदूरपश्चिम र कर्णाली प्रदेशका नेपाली भेटिन्छन्। अधिकांश नेपाली होटेलमा काम गर्छन्। यहाँको धनाढ्यदेखि साना-ठुला होटेल र अपार्टमेन्टमै नेपाली सुरक्षा गार्डमा रूपमा खटिरहेका हुन्छन्। खेल हेर्न आउने पनि धेरै यहींका नेपाली छन्। त्यही भएर पनि आइसिसीले नेपालको सबै खेल वानखेडे राखेको हो। नेपालको खेल हेर्न लन्डन, अमेरिका, अस्ट्रेलिया, ओमान र अन्य राष्ट्रमा रहेका नेपालीसमेत आएका छन्।

बेलायतदेखि नेपालको समर्थन गर्न आएकामध्ये एक हुन् विशाल गौतम। विशाल दुई वर्षअघि बेलायत पुगेका थिए। उनी नेपालकै खेल हेर्न भनी मुम्बई आएका हुन्। गत वर्ष नेपालले आयरल्यान्डमा गएर गेम खेल्दा गौतम अन्य साथीसँगै त्यहीं पुगेका थिए। 'नेपालको खेल भनेपछि राष्ट्रिय भावना जागृत हुन्छ। त्यही भएर १०औँ संस्करणको विश्वकपमा नेपाल पुग्दा समय निकालेर मुम्बई आएको हुँ,' विशालले भने।

मध्यप्रदेशमा बस्दै आएका अछामका करण साउद पनि मुम्बई आएका छन्। उनले नेपालका चारै खेलको टिकट बुक गरिसकेका छन्। एनपिएलमा सुदूरपश्चिमको समर्थन गर्दै आएका करणले भेट हुनेबित्तिकै टाढैबाट भने, 'खेल्नु पडो, लड्न पडो, जित्नु पडो।' यो स्लोगन एनपिएलमा सुदूरपश्चिम रोयलको हो। 'नेपालमा छँदा एनपिएल पनि हेरियो। अहिले मुम्बईमा खेल हेर्न आएँ,' उनले भने।

■ होटेल बुक गर्दा स्क्याममा पर्ने खतरा

पर्साका सञ्जयकुमार साह चार दिनका लागि ओमानबाट मुम्बई आएका छन्। शुक्रबार र शनिबार उनको छुट्टीको दिन हो। तर, साह बिहीबार र आइतबार बिदा मिलाएर खेल हेर्न यहाँ आएका छन्। उनी बिहीबार छत्रपति शिवाजी महाराज अन्तर्राष्ट्रिय विमानस्थल झरेर सोझै वानखेडे रंगशालातिर हानिएका थिए। तर, पहिलो गाँसमै ढुंगा भनेझैं इटालीसँगको भिडन्त हेर्न पुगेको उनले टिम हारेको हेर्नुपऱ्यो। त्यसपछि मरिन ड्राइभनजिकै रहेको होटेल पुगे। ओमानै छँदा उनले अनलाइनबाट होटेल बुकिङ गरेका थिए। होटे लमा पुग्दा उनलाई थाहा भयो, आफू स्क्याममा परेको। 'अनलाइनमा देखिएकोजस्तो होटेल रैनछ। बस्नै घिन लाग्ने। ओसिलो रुम। निकै फोहोर गल्लीमा रहेछ होटेल,' पीडा सुनाउँदै सञ्जयले भने।


सञ्जयले ओमानबाटै तनहुँका साथी दिलबहादुर विकलाई पनि आफूसँगै ल्याएका थिए। 'हामी त स्क्याममा पर्‍यौं नि,' उनले भने, 'चार दिनका लागि नेपालको खेल हेर्न आएको। अनलाइनबाट भारु ४५ सयको रुम लिएका थियौं। निकै खराब होटेल रहेछ,' उनले भने, 'कतारमै फिफा विश्वकप हुँदा जान पाइएन। यसपटक नेपाल क्रिकेटको विश्वकप खेल्दै छ। त्यही भएर दुई-चार लाख खर्च गरेर आइयो। नपत्याउने गरी स्क्याममा परियो।'

काठमाडौंबाट समाचार संकलन गर्न आएका पत्रकारले पनि सञ्जयकैजस्तो समस्या भोगेका छन्। मरिन ड्राइभनजिकै होटेल निकै महँगा छन्। मुम्बईमा रहेका धेरैजसो खेल हेर्न पुगेकाहरूले होटेलको समस्या भोगिरहेका छन्। ८०-९० दशकका पुराना शैलीका होटे लमा अधिकांश मान्छे खेल हेरेर सुत्न मात्रै पुग्छन्। होटेलले एक बोतल पानी पनि दिँदैन। किन्दा बोतललाई तेब्बर-चौब्बर मूल्य पर्छ। रुमभित्र दुईजनालाई हिँड्ने ठाउँसम्म हुँदैन। मरिन ड्राइभमै रोहित साहुखेसँग भेट भयो। धनगढीका उनले आफ्नो अनुभव सुनाए, 'कसैसँगै सल्लाह र जानकारीविना आएका अधिकांश मान्छे यस्तै स्क्याममा पर्छन्। रंगशालानजिकै होटेल खोज्दा भारतमा यस्तै समस्या हुन्छ।'

स्वास्थ्य

मौलिक दालभातले नियन्त्रण गर्न सक्छ नेपालको 'मधुमेह महामारी'

नेपालमा टाइप दुई मधुमेहको दर बढ्नुको मुख्य कारण पश्चिमी जंकफुडको आयात भएको अध्ययनको ठहर छ



● क्याट ले

नेपाली पुस्तालाई वर्षौंदेखि पर्याप्त पोषण दिँदै आएको परम्परागत दाल र भातको परिकारमा फर्किएमा पश्चिमा जंकफुडको आगमनले निम्त्याएको मधुमेहको महामारीबाट बच्न सकिने चिकित्सकहरूले बताएका छन्। ४० वर्षभन्दा माथिका पाँचमध्ये एकजनालाई टाइप दुई डायबिटिज भएको देशमा, उनीहरूका हजुरबा हजुरआमाले उपभोग गरेका खानाले यो अवस्थालाई उल्ट्याउने र उल्लेखनीय परिणाम ल्याउने चिकित्सकहरूको विश्वास छ।

नेपालमा मधुमेहको औषधि धेरै हदसम्म किन्न नसकिने अवस्थामा छ र टाइप दुई डायबिटिजले प्रायः थप जटिलताको प्रवाह निम्त्याउँछ। जटिलतासँगै मिर्गौला रोग, हातखुट्टा गुम्ने र दृष्टि गुम्नेजस्ता समस्यासमेत देखिएका छन्। मधुमेह अनियन्त्रित भएमा यसले अन्ततः अकाल मृत्यु निम्त्याउँछ। 'धेरै परिवारका लागि मधुमेह केवल एक चिकित्सा अवस्था मात्र होइन, बरु दीर्घकालीन सामाजिक र आर्थिक बोझ हो,' काठमाडौंस्थित आवासीय चिकित्सक डा. आशिष तामाङ भन्छन्।

राजधानी कामाडौंमा लामो समयदेखि मधुमेह भएका ७० वटा अस्पतालका बिरामीहरूलाई समावेश गरिएको एक पाइलट अध्ययनले क्यालोरी-नियन्त्रित परम्परागत आहारमा मधुमेहबाट छुटकारा पाउन ४३ प्रतिशतले सहयोग गर्‍यो।

सहरहरूका बाहिरी इलाकामा रहेका गाउँ र समुदायका १२० जना मानिसलाई समावेश गरी गरिएको एक जारी परीक्षणले पनि यस्तै आशा देखाएको छ। 'यो धेरै प्रारम्भिक हो, तर करिब आधा बिरामी चार महिनामा मधुमेहबाट मुक्त भएका छन् र औसत तौल केवल चार-पाँच किलोग्राम घटेको छ,' ग्लासगो विश्वविद्यालयका मधुमेह र मानव पोषण विशेषज्ञ प्रोफेसर माइक लिन भन्छन्।

ग्लासगो विश्वविद्यालयको नेतृत्वमा धुलिखेल अस्पतालसँगको सहकार्यमा जारी चारवर्षे अध्ययनको एक अंशको रूपमा यो दृष्टिकोणलाई अझ व्यापक रूपमा प्रयोगमा ल्याइएको छ। उनीहरूले यो परम्परागत आहारले टाइप दुई डायबिटिजको उच्च जोखिममा रहेका मानिसलाई यो अवस्था हुनबाट पनि रोक्न सक्छ भन्ने अपेक्षा गरेका छन्। टाइप दुई डायबिटिज भनेको हाई ब्लडसुगरको उच्चस्तर हो, जुन शरीरले पर्याप्त मात्रामा इन्सुलिन हर्मोन नबनाउँदा वा यसले बनाउने इन्सुलिनले राम्ररी काम नगर्दा उत्पन्न हुन्छ। यो प्रायः शरीरको आवश्यकभन्दा अधिक तौलको कारणले हुन्छ।

लिन बेलायतको अनुसन्धान टोलीको सदस्य थिए। टोलीले २०१७ मा देखाएको थियो कि बिरामीहरूलाई सुप र दुधले बनेका परिकार तौल घटाउने आहारमा राख्नाले उनीहरूको मधुमेह तह उल्टाउन सकिन्छ। यो कार्यक्रम अब मानक नेसनल हेल्थ सर्भिस (एनएचएस) डायबिटिज हेरचाहको हिस्सा हो।





● **अनुसन्धाता माइक लिन भन्छन्–** त्यो साइकलले मिठाई र सफ्ट ड्रिंक्स बोकेको थियो। र, यातायात सञ्जालमा सुधार हुँदै जाँदा जंकफुड मोटरसाइकल र त्यसपछि कार र भ्यानबाट आउन थाल्यो र अब यो सबै ठाउँमा छ। प्रविधिको प्रगतिले शारीरिक काम कम भयो। डायबिटिज बढ्दो दरको कारक यो पनि हो।

नतिजा प्रकाशित भएपछि नेपालमा काम गर्ने चिकित्सकहरूले अनुसन्धानकर्मी लिनलाई दक्षिण एसियाली देशमा यस्तै दृष्टिकोणले काम गर्न सक्छ कि भनेर जिज्ञासा राखेका थिए। यो बेलायतमाभन्दा यहाँ अझ प्रभावकारी हुन सक्ने उनको विश्वास छ।

एसियाली पृष्ठभूमिका मानिसहरू आनुवंशिक रूपमा टाइप दुई मधुमेहको जोखिममा हुन्छन्। यसको अर्थ 'मधुमेह सुरु हुनुभन्दा पहिले उनीहरूले थोरै मात्र तौल घटाउनुपर्छ,' लिनले भने। तर, यसको अर्थ यो पनि हो कि उनीहरूले यसबाट छुटकारा पाउन धेरै तौल घटाउनुपर्दैन। 'बेलायतका बिरामीहरूले आफ्नो मधुमेह उल्टाउन १० देखि १५ किलोग्रामसम्म तौल घटाउनुपर्ने हुन सक्छ, तर। नेपालमा भने यसको लगभग आधा घटाउँदा हुन्छ,' लिनले भने।

त्यसैले टोलीले सस्तो, स्थानीय सामग्री प्रयोग गर्ने योजना विकास गर्न थाले। सहभागीहरूलाई आठ हप्तासम्म प्रतिदिन ८५० क्यालोरीको तौल घटाउने योजना पालना गर्न भनियो। यसमा सामान्यतया दही र फलफूलको ब्रेकफास्ट र मुख्य खानाको रूपमा दालभात समावेश गरियो। त्यसपछि उनीहरूले आफ्नो तौल मेन्टेन गर्न उही आहारको उच्च क्यालोरीमा लागे। स्क्रिनिङ शिविरमा मधुमेह भएका र यसको उच्च जोखिममा रहेका मानिसहरूलाई आहार योजनासँगै एउटा कप, नाप्ने गिलास र तौल मापन गर्ने उपकरण दिइयो। उनीहरूलाई नियमित समर्थन समूह बैठकमा भाग लिन पनि आमन्त्रित गरिएको थियो। परीक्षण डिजाइन कागजातले योजनालाई 'अनुशासित (परम्परागत) खाने बानीमा जोड दिने, खाजा र उच्च बोसो/चिनी प्रशोधित पश्चिमी प्रकारका खाना बेवास्ता गर्ने' भनेर वर्णन गर्दछ।

> २०२५ को एक अध्ययनले काठमाडौंका पसलमा बिक्री गरिने ८७ प्रतिशत प्याकेज गरिएका खानालाई चिनी, बोसो र नुनजस्ता सामग्रीका लागि विश्व स्वास्थ्य संगठनले सिफारिस गरेको सीमा पार गरेको पत्ता लगाएको थियो

२०२५ को एक अध्ययनले काठमाडौंका पसलहरूमा बिक्री गरिने ८७ प्रतिशत प्याकेज गरिएका खानाहरूले चिनी, बोसो र नुनजस्ता सामग्रीहरूका लागि विश्व स्वास्थ्य संगठनले सिफारिस गरेको सीमा पार गरेको पत्ता लगाएको थियो। तिनले भने कि यो दृष्टिकोण रकेट विज्ञान होइन। तर, यो कुनै पनि औषधि र केही नगर्ने परम्परागत औषधिभन्दा धेरै प्रभावकारी थियो।

उनले सहभागीहरूलाई सेतो चामलको सट्टा खैरो चामलमा फर्कन पनि प्रोत्साहित गरे। खैरो चामलमा कम पोषक तत्त्व र भिटामिन बि १ को स्तर कम हुन्छ (जसले शरीरले कार्बोहाइड्रेटसँग कसरी व्यवहार गर्छ भन्ने भूमिका खेल्छ)। विस्तारित अध्ययनले सुरुमा बेलायत सरकारको फन्डिङ प्राप्त गरेको थियो, तर पछि कटौतीको सिकार भयो। हावर्ड फाउन्डेसनले यसलाई जारी राख्न १.७८ मिलियन युरो प्रदान गरेको छ।

नेपालमा टाइप दुई मधुमेहको दर बढ्नुको मुख्य कारण पश्चिमी जंकफुडको आयात भएको माइक लिनको अनुसन्धानले देखाउँछ। उनले ती नेपालीहरूसँग कुरा गरेका छन् जसलाई उनीहरूको गाउँमा आएको पहिलो साइकलको याद छ। 'त्यो साइकलले मिठाई र सफ्ट ड्रिंक्स बोकेको थियो,' उनी भन्छन्, 'र यातायात सञ्जालमा सुधार हुँदै जाँदा जंकफुड मोटरसाइकल र त्यसपछि कार र भ्यानबाट आउन थाल्यो र अब यो सबै ठाउँमा छ। प्रविधिको प्रगतिले शारीरिक काम कम भयो। डायबिटिज बढ्दो दरको कारक यो पनि हो।'

*(द गार्जियनकी स्वास्थ्य संवाददाता क्याट लेको आलेखलाई **सुभाष शर्मा**ले अनुवाद गरेका हुन्।)*

अर्थ पत्रिका

नयाँ पत्रिका
शनिबार २ फागुन ०८२

चुनावी चहलपहलले राजस्वमा सुधार

सात महिनामा ६ खर्ब ६५ अर्ब राजस्व प्राप्ती, वृद्धिदर ३.४५ प्रतिशत

बैंकहरूको ब्याज आम्दानी खस्किँदा आयकरमा भने धक्का, अन्तःशुल्क र भ्याट असुलीमा उल्लेख्य प्रगति



पवन तिमिल्सिना/ नयाँ पत्रिका

२१ फागुनका लागि तय भएको प्रतिनिधिसभा निर्वाचन नजिकिँदै जाँदा उपभोगमा भएको वृद्धिले सरकारी राजस्व संकलन सुधिएको छ। चालू आर्थिक वर्ष ०८२/८३ को सात महिनामा सरकारले ६ खर्ब ६५ अर्ब रुपैयाँ राजस्व उठाएको हो। उक्त संकलन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा दुई खर्ब २१ अर्ब रुपैयाँ (३.४५ प्रतिशत) बढी हो। गत आवको साउनदेखि माघसम्म ६ खर्ब ४२ अर्ब राजस्व संकलन भएको थियो। अर्थ मन्त्रालयका अनुसार माघमा मात्रै ८७ अर्ब ६२ करोड राजस्व संकलन भएको छ।

भन्सार महसुल, मूल्य अभिवृद्धि कर (भ्याट) र अन्तःशुल्क संकलनमा वृद्धि भएकाले समग्र आम्दानी बढेको हो। सात महिनामा एक खर्ब ३५ अर्ब ३२ करोड रुपैयाँ भन्सार महसुल उठेको छ। यो गत आवको सोही अवधिको तुलनामा ७.५३ प्रतिशतले बढी हो। उपभोगमा वृद्धि हुँदा आयात बढेकाले भन्सार महसुल संकलन बढेको हो।

त्यस्तै, मूल्य अभिवृद्धि कर (भ्याट) संकलनमा पनि वृद्धि भएको छ। समीक्षा अवधिमा एक खर्ब ९६ अर्ब ४४ करोड भ्याट उठेको छ। गत आवको सोही अवधिमा एक खर्ब ८२ अर्ब भ्याट संकलन भएको थियो। अर्थात् भ्याट संकलन ७.५८ प्रतिशतले बढेको छ। भ्याटबापतको संकलन उत्पादन, बिक्री तथा सेवा क्षेत्रबाट ७.८ प्रतिशत बढेको छ भने आयातबाट ७.४२ प्रतिशत बढेको छ।

अन्तःशुल्क संकलनमा सबैभन्दा बढी १०.८८ प्रतिशतको वृद्धिदर छ। यो अवधिमा एक खर्ब पाँच अर्ब अन्तःशुल्क उठेको छ। गत आवको सोही अवधिमा अन्तःशुल्कबापत ९५ अर्ब उठेको थियो। आन्तरिक उत्पादनबाट उठ्ने अन्तःशुल्क संकलन १०.०५ प्रतिशत र आयातबाट उठ्ने अन्तःशुल्क १३.१४ प्रतिशतले बढेको अर्थ मन्त्रालयको तथ्यांक छ।

उच्च शिक्षाका लागि विदेश जाने युवाको संख्या बढ्दा शिक्षा सेवा शुल्क संकलनमा ६१.०७ प्रतिशतको वृद्धि भएको छ। यो शीर्षकबाट तीन अर्ब ४४ करोड उठेको छ। गत आवको सोही अवधिमा दुई अर्ब १४ करोड उठेको थियो।

आयकर संकलन भने ०.८१ प्रतिशतले घटेको छ। समीक्षा अवधिमा एक खर्ब ५८ अर्ब आयकर संकलन भएको छ। गत आवको सोही अवधिमा एक खर्ब ५९ अर्बको आयकर उठेको थियो।

खासगरी बैंकिङ क्षेत्रको ब्याज आम्दानीमा संकुचन आएकाले ब्याजबापत उठ्ने आयकर संकलन १३.७६ प्रतिशतले घटेको छ। चालू आवको सात महिनामा ब्याजबापतको आयकर १८ अर्ब ६७ करोड उठेको छ। गत आवको सोही अवधिमा २१ अर्ब ६५ करोड उठेको थियो। सात महिनामा संकलित राजस्व लक्ष्यको तुलनामा ८१.७४ प्रतिशत हो।

कुल कर संकलनमा ५.९५ प्रतिशतको वृद्धि छ। समीक्षा अवधिमा पाँच खर्ब ९९ अर्बको कर राजस्व उठेको छ। गत आवको सोही अवधिमा पाँच खर्ब ६५ अर्ब उठेको थियो। गैरकरतर्फ भने राजस्व संकलन गिरावट देखिन्छ। गत आवको पहिलो सात महिनामा ७७ अर्ब २१ करोडको गैरकर उठेकोमा चालू आवको सोही अवधिमा १४.८९ प्रतिशतले घटेर ६५ अर्ब ७१ करोडमा सीमित भएको छ।

कर शीर्षक	गत आवको माघ मसान्त सम्मको संकलन	चालू आवको माघ मसान्तसम्मको संकलन	वृद्धिदर (प्रतिशतमा)
मूल्य अभिवृद्धि कर	१ खर्ब ८२ अर्ब ६० करोड	१ खर्ब ९६ अर्ब ४४ करोड	७.५८
आयकर	१ खर्ब ५९ अर्ब ९६ करोड	१ खर्ब ५८ अर्ब ६६ लाख	-०.८१
भन्सार महसुल	१ खर्ब २५ अर्ब ८५ करोड	१ खर्ब ३५ अर्ब ३२ करोड	७.५३
अन्तःशुल्क	९५ अर्ब ९ करोड	१ खर्ब ५ अर्ब ४३ करोड	१०.८८
गैरकर राजस्व	७७ अर्ब २१ करोड ३ लाख	६५ अर्ब ७१ करोड ३ लाख	-१४.८९
शिक्षा शुल्क र अन्य	२ अर्ब १४ करोड ४ लाख	३ अर्ब ४४ करोड ७५ लाख .	६१.०७
कुल राजस्व	**६ खर्ब ४२ अर्ब ८५ करोड**	**६ खर्ब ६५ अर्ब २ करोड**	**३.४५**

■ पुँजीगत खर्च १५.६२ प्रतिशत मात्रै



राजस्व संकलनमा सुधार देखिए पनि सरकारी खर्च भने कमजोर छ। चालू आर्थिक वर्षको सात महिनामा विनियोजित पुँजीगत बजेटको १५.६२ प्रतिशत मात्रै खर्च भएको छ। चार खर्ब सात अर्बको वार्षिक विनियोजनमध्ये ६३ अर्ब ७९ करोड पुँजीगत खर्च भएको हो। चालू खर्च भने ४७.६२ प्रतिशत छ। ११ खर्ब ८० अर्बको चालू बजेटमा पाँच खर्ब ६२ अर्ब खर्च भएको छ। ऋणको सावाँब्याज भुक्तानीमा एक खर्ब ७५ अर्ब (विनियोजनको ४६.७१ प्रतिशत) रुपैयाँ खर्च भएको छ। कुल बजेट खर्च आठ खर्ब एक अर्ब रुपैयाँ छ। १९ खर्ब ४१ अर्बको विनियोजनमा ४०.८ प्रतिशत मात्रै खर्च भएको हो।राष्ट्रिय स्रोत अनुमान समितिले आगामी आर्थिक वर्ष ०८३/८४ को बजेट सिलिङ ७ फागुनसम्म निर्धारण गर्ने जनाएको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनबमोजिम २९ माघसम्म बजेटको सीमा निर्धारण गरिसक्नुपर्ने प्रावधान भएकाले बिहीबार बैठक बसेको थियो। तर, सिलिङ टुंगो नलगाई सैद्धान्तिक छलफल मात्रै गरेर बैठक सकिएको समितिका एक सदस्यले जानकारी दिए।

किसानलाई ९० घार मौरी वितरण

संखुवासभा/ खाँदबारी नगरपालिकाले किसानलाई ९० घारसहितका मौरी वितरण गरेको छ। खाँदबारीका मेयर महेश थपलिया र उपमेयर महेश्वरा श्रेष्ठ बज्राचार्यले मौरीसहितका घार किसानलाई वितरण गरेका हुन्। आयआर्जन वृद्धि गरी आत्मनिर्भर बनाउने र व्यावसायिक मौरीपालनमा प्रवर्द्धन गर्ने उद्देश्यले ५० प्रतिशत अनुदानमा किसानलाई मौरीसहितका घार वितरण गरेको नगरपालिकाले जनाएको छ।

मेयर थपलियाले मौरी वितरण गर्दै व्यावसायिक मौरीपालनमा लाग्न किसानलाई आग्रह गरेका छन्। उनले युवाहरू बिदेसिने क्रममा बढ्दो रहेको अवस्थामा गाउँमा नै रोजगारी सिर्जना गरी आत्मनिर्भर बन्न मौरीपालनले सहयोग पुग्ने पनि बताएका थिए।सार्वजनिक सूचनामार्फत किसानबाट भएको मागअनुसार मौरीसहितको घार वितरण गरिएको खाँदबारी नगरपालिकाका कृषि शाखा प्रमुख जानुकला राईले जानकारी दिइन्।

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय तिर्काालको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय :
बालुवाटार, काठमाण्डौ
फोन: ०१-४५२१८६१/६२/६३

कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सम्बन्धी २१ दिने सूचना

सूचना प्रकाशित मिति : २०८२/११/०२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

बोलपत्र पेश गर्ने अन्तिम मिति २०८२/११/२२ गते कार्यालय समय भित्र

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको निम्न शाखा कार्यालयबाट विविध कर्जा शीर्षक अन्तर्गत लिई उपभोग गर्ने तपाई ऋणीले यस बैंक सँग गर्नु भएको कर्जाको शर्त सम्झौता बमोजिम समय-समयमा यस बैंकलाई बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना र अन्य दे-दस्तुर समेत चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण तथा कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले र पत्र-पत्रिका द्वारा सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कर्जा चुक्ता नगरेकोले कर्जाको सम्पूर्ण साँवा, ब्याज, हर्जाना लगायतका अन्य दे-दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानत कर्ता समेतलाई यसै सूचनाद्वारा पुनः सूचित गर्नुका साथै गोप्य शिलबन्दी बोलपत्रद्वारा चल/अचल सम्पत्ति लिलाम बिक्री गर्नको लागि २१ (**एक्काइस**) **दिने** सूचना प्रकाशित गरि आह्वान गरिएको छ। तोकिएको समय भित्र कर्जा चुक्ता नभएमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट धितो लिलाम बिक्री (दाखिल खारेज नामसारी प्रयोजनको लागि मात्र) गरि नामसारी गरिने भएकोले सो अवधिमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलीपल्ट वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा बिहानको ११:०० बजे सम्बन्धित शाखा कार्यालयमा खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ। तर बोलपत्रदाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणीको नाम नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा अन्य कुनै सूचना बिनाने समावेश गरिने समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणीको अन्य चलअचल सम्पत्तिबाट समेत असूल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

ऋणीको विवरण	जमानीकर्ताको विवरण
१) ऋणी: भिम राज बस्ताकोटी बाबुको नामः सालिक राम बस्ताकोटी बाजेको नामः टिका राम बस्ताकोटी ठेगाना : पोखरा लेखनाथ-२४, कास्की हालको ठेगाना : पोखरा-५, कास्की ना.प्र.नं.: ४६-०१-७४-०३७५५ जारी गर्ने कार्यालय : जि.प्र.का., कास्की जारी मिति : २०७४/०४/२९ **कर्जा लिएको शाखा : लेकसाइड, कास्की**	**च) नाम: मोतिसरा अधिकारी** पतिको नाम : सालिक राम बस्ताकोटी ससुराको नाम : टिका राम बस्ताकोटी ठेगाना : धिताल-९, कास्की हालको ठेगानाः पोखरा-२४, कास्की ना.प्र.नं.: २०३ जारी गर्ने कार्यालय : जि.का., कास्की जारी मिति : २०४५/०१/१७
जमानीकर्ताको विवरण **क) नाम: नविन बस्ताकोटी** बाबुको नाम : सालिक राम बस्ताकोटी बाजेको नाम : टिका राम बस्ताकोटी ठेगाना : पोखरा लेखनाथ-२४, कास्की हालको ठेगाना : पोखरा-७, कास्की ना.प्र.नं.: १३२५७० जारी गर्ने कार्यालय : जि.प्र.का., कास्की जारी मिति : २०५९/१०/०३	**छ) नाम: सरस्वती बस्ताकोटी** पतिको नाम : भिम राज बस्ताकोटी ससुराको नाम : सालिक राम बस्ताकोटी ठेगाना : पोखरा-२४, कास्की हालको ठेगाना : पोखरा-५, कास्की ना.प्र.नं.: ४६-०१-७७-०१६६५ जारी गर्ने कार्यालय : जि.प्र.का., कास्की जारी मिति : २०७७/०८/१०
ख) नाम: शंखर बस्ताकोटी बाबुको नाम : सालिकाराम बस्ताकोटी बाजेको नाम : टिका राम बस्ताकोटी ठेगाना : कास्कीकोट-८, कास्की हालको ठेगाना : पोखरा-९, कास्की ना.प्र.नं.: ४६-०१-६९-०३३७८ जारी गर्ने कार्यालय : जि.प्र.का., कास्की जारी मिति : २०६९/०९/०४	**ज) नाम: रिता सुवेदी** पतिको नाम : रामजी बस्ताकोटी ससुराको नाम : सालिक राम बस्ताकोटी ठेगाना : कास्कीकोट-१, कास्की हालको ठेगाना : पोखरा-५, कास्की ना.प्र.नं.: ४६-०१-७२-०००७४ जारी गर्ने कार्यालय : जि.प्र.का., कास्की जारी मिति : २०७२/०१/०६
ग) नाम: राजु वस्ताकोटी बाबुको नाम : सालिकराम बस्ताकोटी बाजेको नाम : टिका राम बस्ताकोटी ठेगाना : कास्कीकोट-८, कास्की हालको ठेगानाः पोखरा-२४, कास्की ना.प्र.नं.: १३८४७९ जारी गर्ने कार्यालय : जि.प्र.का., कास्की जारी मितिः २०६०/०४/२५	**झ) नाम: विद्या लक्ष्मी तिमिल्सीना वस्ताकोटी** पतिको नाम : राजु वस्ताकोटी ससुराको नाम : सालिक राम बस्ताकोटी ठेगाना : पोखरा-२४, कास्की ना.प्र.नं.: १६४५३७ जारी गर्ने कार्यालय : जि.प्र.का., कास्की
घ) नाम: रामजी वस्ताकोटी बाबुको नाम : सालिकराम बस्ताकोटी बाजेको नाम : टिका राम बस्ताकोटी ठेगाना : कास्कीकोट-८, कास्की हालको ठेगानाः पोखरा-५, कास्की ना.प्र.नं.: १५३९०७, जारी मितिः २०६१/१०/२८ जारी गर्ने कार्यालय : जि.प्र.का., कास्की	**ञ) नाम: दुर्गा देवी वस्ताकोटी** पतिको नाम : नविन वस्ताकोटी ससुराको नाम : सालिक राम बस्ताकोटी ठेगाना : कास्कीकोट-८, कास्की हालको ठेगाना : पोखरा-७, कास्की ना.प्र.नं.: ४६३०२२/५४ जारी गर्ने कार्यालय : जि.प्र.का., कास्की जारी मिति : २०६३/१०/२२
ङ) नाम: सालिकराम बस्ताकोटी बाबुको नामः टिकाराम बस्ताकोटी बाजेको नाम : चन्द्रेश्वर वस्ताकोटी ठेगाना : पोखरा-२४, कास्की ना.प्र.नं.:१३८३०२, जारी मितिः २०६०/०४/२० जारी गर्ने कार्यालय : जि.प्र.का., कास्की	**ट) नाम: बबिता सुवेदी** बाबुको नाम : भोलानाथ सुवेदी पतिको नाम : शंखर बस्ताकोटी ससुराको नाम : सालिक राम बस्ताकोटी ठेगाना : माझठाना-६, कास्की हालको ठेगाना : पोखरा-९, कास्की ना.प्र.नं.: ४६-१६-७०/००५३२ जारी गर्ने कार्यालय : जि.प्र.का., कास्की

सुरक्षण रहेको धितोको विवरणः श्री मालपोत कार्यालय कास्कीमा श्री सालिकराम बस्ताकोटीको नाममा जग्गाधनी दर्ता प्रमाण पुर्जा कायम रहेको कास्कीकोट-८ कास्की, स्थित कित्ता नं. ९७६ को क्षेत्रफल ३८५.४६ वर्ग मिटरको घर/जग्गा र सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

शर्तहरु :

१. बोलपत्र फाराम डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयबाट यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९३०७४०१०५०१०१ " को SDBL– Other Non-Operating Income" मा रु ५००.००(अक्षेरुपी रु. पाँचसय रुपैया मात्र) जम्मा गरी खरिद गर्न सकिनेछ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। बोलपत्र फाराममा आफूले लिन चाहेको चल/अचल सम्पत्तिको विवरण यस डेभलपमेन्ट बैंकबाट प्रकाशित सूचनाको अधारमा भर्नु पर्नेछ।
३. बोलपत्रदाताले आफूले लिन कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुने रकम धरौटी वापत यस डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयमा यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९२०६५०१०७०५०१ को "SADBL– Auction Deposit (Lilami)" मा Manager's Cheque, Good For Payment Cheque वा नगदे जम्मा गरी सक्कल रसिद यस बोलपत्र फारम साथ संलग्न गरी यस डेभलपमेन्ट बैंकको सम्बन्धित शाखा कार्यालय वा केन्द्रीय कार्यालयमा रहेको कर्जा असुली इकाईमा पेश गर्नुपर्नेछ।
४. लिलाम बिक्री हुने धितो निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ। साथै सोहि अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ।
५. बोलपत्र स्वीकृत भएको वा नभएको जानकारी बोलपत्रदातालाई गराईनेछ र बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले उक्त जानकारी पाए पछि बैंकले तोकेको समय मिति भित्र कबोल गरेको रकममा धरौटी रकम घटाई बाँकी सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको चल/अचल सम्पत्तिहरु आफ्नो नाँउमा नामसारी गरि लिनुपर्नेछ। सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ।
६. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन। उक्त धरौटी रकममा कुनै ब्याज दिइने छैन।
७. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
८. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस डेभलपमेन्ट बैंकमा नै नीहित रहनेछ र अस्वीकृत गर्दा डेभलपमेन्ट बैंकले कुनै पनि कारण खुलाउनुपर्ने छैन।
९. बोलपत्र सदर वा सुरक्षणमा रहेको धितो नामसारी हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ र उक्त धरौटी रकममा कुनै ब्याज समेत प्रदान गरिने छैन।
१०. अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट लिलाम रोक्का गर्न आदेश प्राप्त भएमा लिलाम रोक्का गर्न सकिनेछ।
११. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने सम्पूर्ण खर्चहरु स्वयम् बोलकबोल दाताले व्यहोर्नु पर्नेछ।

संक्षेप

३७.६३ अंकले घट्यो नेप्से



काठमाडौं/ साताभरमा नेपाल स्टक एक्सचेन्ज (नेप्से) ३७.६३ अंकले घटेको छ। आइतबार १०.२४ अंकले घटेर २६९८.४५ विन्दुमा पुगेको नेप्से लगातार ओरालो लागेर बुधबार २६६२.०९ विन्दुमा पुगेको थियो। अन्तिम दिन बिहीबार ८.९७ अंकले बढेर २६७१.०७ विन्दुमा रोकिएको छ। आइतबार कारोबार ११ अर्ब ५९ करोड कायम रहेकोमा लगातार संकुचनमा गएर बुधबार आठ अर्ब ५३ करोडमा सीमित भएको थियो। बिहीबार बढेर १० अर्ब ९० करोडको कारोबार भएको छ।

साताभरमा प्रतितोला तीन हजारले बढ्यो सुन

काठमाडौं/ यस साता सुनको भाउ प्रतितोला तीन हजार रुपैयाँले बढेको छ। साताको पहिलो दिन आइतबार सुनको मूल्य प्रतितोला तीन लाख पाँच सय रुपैयाँ रहेकोमा शुक्रबार प्रतितोला तीन लाख तीन हजार पाँच सय कायम भएको छ। त्यस्तै, यो साता चाँदीको मूल्य भने सामान्य घटेको छ। साताको पहिलो दिन आइतबार प्रतितोला पाँच हजार १० रुपैयाँ कायम रहेकोमा शुक्रबार प्रतितोला पाँच हजार कायम रह्यो। समग्रमा साताभर चाँदी प्रतितोला १० रुपैयाँ घटेको हो। अमेरिकी फेडेरल बैंकमा नयाँ गर्भनर नियुक्त हुनु, नाफा बुक गर्न सुन बेच्नु, भूराजनीतिक तनाव मत्थरको प्रयास हुनुलगायत कारणले अन्तर्राष्ट्रिय बजारमा सुनचाँदीको भाउमा उतारचढाव हुन पुगेको विश्लेषकको भनाइ छ। यसैको प्रभाव नेपाली बजारमा देखिएको हो।

इन्डस्ट्रिज 'एक्सपिरियन्स जोन' सञ्चालन



विराटनगर/ उद्योग संगठन, मोरङले इन्डस्ट्रिज एक्सपिरियन्स जोन, बिजनेस इनक्युबेसन सेन्टर र भर्चुअल प्लाटफर्म विराटबजार डटकम सञ्चालनमा ल्याएको छ। नयाँ परियोजनाको उद्योग विभागका महानिर्देशक जितेन्द्र बस्नेत र निर्देशक विष्णुमाया भट्टराईलगायत प्रतिनिधिले निरीक्षणसमेत गरेका छन्। परियोजना अवलोकनपछि उद्योग विभागका महानिर्देशक जितेन्द्र बस्नेतले तीनवटा प्लाटफर्मले व्यावसायिक विकासको इको सिस्टम देखाएको बताएका थिए। उद्योग संगठन, मोरङका अध्यक्ष नन्दकिशोर राठीले स्थायी मञ्चका रूपमा सबै प्लाटफर्म विकास गरेको जानकारी दिए।

१४ महिनामा बनिसक्नुपर्ने खानेपानी आयोजना साढे चार वर्षदेखि अलपत्र

दुईवटा निर्माण कम्पनीले ठेक्का सम्झौताविपरीत काममा ढिलाइ गर्दा बर्दियाका पाँचवटा खानेपानी आयोजना अझै भएनन् पूरा



बर्दियाको बढैयाताल गाउँपालिका- २, फुटाहामा निर्माण नसकिएर अलपत्र खानेपानी आयोजनाको ट्याङ्की।

■ यादव कन्स्ट्रक्सनले ठेक्का लिएको बारबर्दिया नगरपालिका- २, बढैयाताल गाउँपालिका- १२, गुलरिया- १२ र बारबर्दिया नगरपालिका- ९ मा रहेका खानेपानी आयोजना वर्षौंदेखि अधुरै

बर्दियामा प्रकाश पौडेल

निर्माण व्यवसायीले समयमा काम नगर्दा बर्दियाका पाँचवटा खानेपानी आयोजनाको ट्यांकी अलपत्र छन्। यादव कन्स्ट्रक्सन, गुलरियाले ठेक्का लिएको बारबर्दिया नगरपालिका- २, बढैयाताल गाउँपालिका- १२, गुलरिया- १२ र बारबर्दिया नगरपालिका- ९ मा रहेका खानेपानी आयोजनाको ट्यांकी पूरा नभएको खानेपानी तथा सरसफाइ कार्यालयका सबइन्जिनियर सूचना अधिकारी राजेश जैसीले जानकारी दिए।

त्यस्तै, यादव दुर्बासा जेभीले ठेक्का लिएको बढैयाताल गाउँपालिका- १ मा रहेको जमुनी खानेपानी आयोजनाको ट्यांकी निर्माणको काम पनि अलपत्र अवस्थामा रहेको उनले बताए। कार्यालयका प्रमुख खगेन्द्र खत्रीले ट्यांकी निर्माण सक्न पटक-पटक पत्राचार गर्दा पनि निर्माण कम्पनीले चासो नदेखाएको बताए। 'ट्यांकी निर्माणको काम समयमा नहुँदा उपभोक्ताहरू खानेपानी पिउनबाट वञ्चित हुनुपरेको छ,' उनले भने।

बढैयाताल गाउँपालिका- २, फुटाहाका १, २, ३, ४, ५, ७ र ९ नम्बर वडाका स्थानीयलाई खानेपानी वितरणका लागि निर्माण थालिएको आयोजनाको वरिपरि पर्खाल, पम्प हाउस र बोरिङ निर्माणको काम सकिएको खानेपानी उपभोक्ता समितिका अध्यक्ष धनबहादुर कार्कीले जानकारी दिए। 'आयोजनाका लागि करिब चार वर्षअघि बजेट परेर ट्यांकी निर्माणको ठेक्का सम्झौता भए पनि निर्माण कम्पनीले काम नगरिदिँदा ट्यांकी निर्माणको काम अलपत्र परेको छ,' उनले भने।

ठेकेदार कम्पनीले भने ९० प्रतिशत काम सकिएको दाबी गरेको छ। उक्त आयोजना निर्माणका लागि ४ असार ०७८ मा ठेक्का सम्झौता भई १४ महिना (४ भदौ ०७९) मा सक्नुपर्ने सर्त थियो।

का.नि.द.नं.१२८/०६३/६४, म.ले.हु.नि.द.न. १७/०६९/०७०

नयाँ पत्रिका

■ आइसिसी पुरुष टी-२० विश्वकप

विश्वकपमा १० विकेटको नतिजा

मुम्बईमा **रमेश सुवेदी**

क्रिकेटको तीनवटै फर्म्याटमा १० विकेटको जित चानचुने होइन। यस किसिमको सफलता कमै मात्र हुन्छ। अझ विश्वकपजस्तो एकसे एक राष्ट्रहरूबिच १० विकेटको जित भनेको केही हदसम्म दुर्लभ नै मानिन्छ। भारत र श्रीलंकाले संयुक्त रूपमा आयोजना गरिरहेको १०औँ टी-२० विश्वकपमा बिहीबारसम्म दुईपटक १० विकेटको नतिजा आएका छन्। न्युजिल्यान्डले युएईलाई १० विकेटले हराएको थियो। त्यसपछि पहिलोपटक विश्वकप खेलिरहेको इटालीले आइसिसी वरीयतामा १० स्थानमाथि रहेको नेपाललाई १० विकेटले हरायो। सन् २००७ देखि सुरु भएको टी-२० विश्वकपमा अहिलेसम्म आठ खेलमा दश विकेटको नतिजा निस्केका छन्।

नेपालविरुद्ध इटाली

लक्ष्य : १२४, खेल स्थान : मुम्बई (भारत)

डेब्यु विश्वकपको दोस्रो खेलमै इटालीले ऐतिहासिक जित निकाल्यो। त्यो पनि नेपालमाथि १० विकेटको सानदार। मुम्बईस्थित वानखेडे रंगशालामा इंग्ल्यान्डविरुद्ध सनसनी प्रदर्शन गरेको नेपालले दोस्रो खेलमा इटालीविरुद्ध घुँडा टेक्यो। ब्याटिङ र बलिङमा नेपालको प्रदर्शन फितलो रह्यो। नेपालले इटालीलाई १२४ रनको सामान्य लक्ष्य दियो। अस्ट्रेलिया, दक्षिण अफ्रिका, पाकिस्तान र भारतीय मूलका खेलाडी समावेश गरेको इटालीले ४४ बलअघि नै जित निकाल्यो।

युएईविरुद्ध न्युजिल्यान्ड

लक्ष्य : १७५, खेलस्थल : चेन्नई (भारत)

चालू विश्वकपमा सबैभन्दा ठुलो जितको सुरु न्युजिल्यान्डले गरेको थियो। टेस्ट राष्ट्र न्युजिल्यान्डले युएईजस्तो एसोसिएट राष्ट्रविरुद्ध जित निकाल्न खासै संघर्ष गर्नुपरेन। यद्यपि, पहिलो ब्याटिङ गरेको युएईले चेन्नईमा १७५ रनको चुनौतीपूर्ण लक्ष्य दिएको थियो। न्युजिल्यान्डले एक विकेट पनि नगुमाई युएईलाई हरायो। न्युजिल्यान्डको जितमा टिम सेइफर्टले ८९ तथा फिन एलेनले ८४ रन जोडेका थिए।

अमेरिकाविरुद्ध इंग्ल्यान्ड

लक्ष्य : ११६, खेलस्थल : ब्राइटन (वेस्ट इन्डिज)

सन् २०२४ मा इंग्ल्यान्डले आयोजक अमेरिकालाई १० विकेटले हराएको थियो। बार्बाडोजमा भएको खेलमा अमेरिकाले सुरुमा ब्याटिङ गऱ्यो। सुपर ८ को समूह २ मा भएको यो विश्वकपको ४९औँ खेल थियो। इंग्ल्यान्डको जितमा तत्कालीन कप्तान जोस बटलरले ३८ बलमा ८३ रन बनाएका थिए। उनले ६ चौका र सात छक्का हिर्काए। यस्तै, फिल साल्टले २१ बलमा २५ रन बनाएका थिए। यो विश्वकप अमेरिका र वेस्ट इन्डिजले आयोजना गरेका थिए। यद्यपि, अमेरिकाले पहिलो सहभागितामै सेमिफाइनलसम्मको यात्रा तय गरेको थियो।

भारतविरुद्ध इंग्ल्यान्ड

लक्ष्य : १६९, खेलस्थल : एडिलेड (अस्ट्रेलिया)

सन् २०२२ अस्ट्रेलियामा भएको विश्वकपमा इंग्ल्यान्डले भारतविरुद्ध सनसनीपूर्ण जित निकाल्यो। एडिलेडमा भएको प्रतिस्पर्धामा भारतले सुरुमा ब्याटिङ गर्दै १६९ रनको लक्ष्य दिएको थियो। भारतका हार्दिक पान्ड्याले ६३ तथा विराट कोलहीले ५० रन बनाएका थिए। इंग्ल्यान्डले भारतलाई १० विकेटले हरायो। कप्तान जोस बटलरले ४९ बलमा नौ चौका र तीन छक्कासहित ८० रन बटुले। म्यान अफ दी म्याच एलेक्स हलले ४७ बलमा चार चौका र सात छक्कासहित ८६ रन बनाउँदा इंग्ल्यान्ड विजयी भयो।



१०औँ संस्करणको टी-२० विश्वकपमा नेपालमाथि १० विकेटको जितपछि इटालीका खेलाडी। फाइल तस्बिर

सन्	राष्ट्र	विपक्षी	लक्ष्य
२००७	अस्ट्रेलिया	श्रीलंका	१०२/०
२०१२	द.अफ्रिका	जिम्बावे	१३१/०
२०२१	ओमान	पिएनजी	१३१/०
२०२१	पाकिस्त	भारत	१५२/०
२०२२	इंग्ल्यान्ड	भारत	१७०/०
२०२४	इंग्ल्यान्ड	अमेरिका	११७/०
२०२६	न्युजिल्यान्ड	युएई	१७५/०
२०२६	इटाली	नेपाल	१२४/०

पपुवा न्युगिनीविरुद्ध ओमान

लक्ष्य : १३०, खेलस्थल- ओमान

सन् २०२१ मा ओमानले समूह 'बी'का सबै खेल घरेलु मैदानमै खेल्यो। ओमानले पपुवा न्युगिनीलाई १० विकेटले पाखा लगायो। पपुवा न्युगिनीले नौ विकेट गुमाउँदै १२९ रन बनाएको थियो। प्रत्युत्तरमा १३.३ ओभरमै ओमानले विकेट नगुमाई जित निकाल्यो। ओमानका जतिन्दर सिंहले ४२ बलमा ७३ रन बनाए। उनले सात चौका र चार छक्का हिर्काएका थिए। अकिब इलियासले ४३ बलमा पाँच चौका र एक छक्कासहित ५० रन जोडेका थिए। टी-२० विश्वकपमा सबैभन्दा ठुलो जित निस्किएको यो तेस्रोपटक थियो।

जिम्बावेविरुद्ध दक्षिण अफ्रिका

लक्ष्य : ९४, खेलस्थल : श्रीलंका

सन् २०१२ श्रीलंकामा भएको विश्वकपमै जिम्बावे सबैभन्दा कम स्कोरमा समेटिएको थियो। दक्षिण अफ्रिकाविरुद्ध जिम्बावे ९३ रनमा समेटियो। समूह 'सी'को यो खेल सो विश्वकपमै चौथो खेल थियो। जिम्बावेको इनिङ्समा दुई खेलाडीले दोहोरो अंकमा रन बनाएका थिए। प्रत्युत्तरमा दक्षिण अफ्रिकाका लागि रिचार्ड लेभीले ५० तथा हसिम अम्लाले ३२ रन बनाए।

श्रीलंकाविरुद्ध अस्ट्रेलिया

लक्ष्य : १०२, खेलस्थल : दक्षिण अफ्रिका

सन् २००७ को विश्वकपको पहिलो संस्करणमै अस्ट्रेलियाले १० विकेटको ऐतिहासिक जित निकालेको थियो। समूह 'एफ'मा श्रीलंकामाथिको सानदार जितपछि अस्ट्रेलिया सेमिफाइनलमा प्रवेश गरेको थियो। स्टुआर्ट क्लार्कले चार विकेट लिएपछि श्रीलंकाको ब्याटिङमा कुनै उल्लेखनीय साझेदारी हुन सकेन। अस्ट्रेलियाका म्याथ्यु हेडनले अविजित ५८ रन बनाएका थिए। उनले ३८ बलमा सात चौका र दुई छक्का हिर्काए।

अंक तालिका

समूह 'ए'

राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
भारत	२	२	०	४	३.०५
पाकिस्तान	२	२	०	४	०.९३
अमेरिका	३	१	२	२	०.५३
नेदरल्यान्ड्स	३	१	२	२	-१.३५
नामिबिया	२	०	२	०	-१.५२

समूह 'बी'

राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
श्रीलंका	२	२	०	४	३.१२
जिम्बावे	२	२	०	४	१.९८
अस्ट्रेलिया	२	१	१	२	१.१०
आयरल्यान्ड	२	०	२	०	-२.१७
ओमान	२	०	२	०	-४.३०

समूह 'सी'

राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
वेस्ट इन्डिज	२	२	०	४	१.६२
स्कटल्यान्ड	२	१	१	२	०.९५
इंग्ल्यान्ड	२	१	१	२	-०.६५
इटाली	२	१	१	२	-०.६५
नेपाल	२	०	२	०	-१.८५

समूह 'डी'

राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
न्युजिल्यान्ड	२	२	०	४	१.९१
द. अफ्रिका	२	२	०	४	१.४२
युएई	२	१	१	२	-१.०३
अफगानिस्तान	२	०	२	०	-०.५५
क्यानडा	२	०	२	०	-१.५२

आजका खेल

आयरल्यान्ड	बिहान ११:१५ बजे	ओमान	
इंग्ल्यान्ड	दिउँसो ३:१५ बजे	स्कटल्यान्ड	
न्युजिल्यान्ड	राति ७:१५ बजे	द.अफ्रिका	

■ राइजिङ स्टार्स महिला एसिया कप

पहिलो खेलमा नेपाल पाकिस्तान 'ए'सँग पराजित

शुक्रबार भएको प्रतियोगिताकै पहिलो खेलमा नेपालको ब्याटिङ र बलिङ कमजोर

नयाँ पत्रिका

एसियन क्रिकेट काउन्सिल (एसिसी)ले एसोसिएट राष्ट्रको स्तर वृद्धि गर्न शुक्रबारदेखि थाइल्यान्डमा राइजिङ स्टार्स महिला एसिया कप टी-२० क्रिकेट प्रतियोगिता सुरु गरेको छ। यसमा भारत, पाकिस्तान, श्रीलंका र पाकिस्तानका 'ए' टोली र एसोसिएट राष्ट्रबिच प्रतिस्पर्धा हुनेछ। प्रतियोगिताको पहिलो खेलमा पाकिस्तानको 'ए' टोलीसँग भिड्दा नेपालले ३० रनको हार सामना गरेको छ।

बैंककमा पहिलो ब्याटिङ गरेको पाकिस्तानले २० ओभरमा ६ विकेट गुमाएर १३७ रनको मध्यम योगफल खडा गरेको थियो। प्रत्युत्तरमा नेपालले २० ओभरमा ६ विकेटको नोक्सानीमा १०७ रन बनायो। नेपालको कप्तानी पूजा महतोले गरेकी थिइन्। नियमित कप्तान इन्दु बर्मा घाइते भएपछि पूजाले नेतृत्व गरेकी हुन्।

दुई साताअघि नेपालले पहिलोपटक आइसिसी टी-२० विश्वकप ग्लोबल छनोटमा सहभागिता जनाएको थियो। नेपाल समूह चरणबाटै बाहिरिएको थियो। ग्लोबल छनोटको अनुभव बटुलेर थाइल्यान्डमा पुग्दा कमजोर नेपालले ब्याटिङमा कमजोर प्रदर्शन गऱ्यो।

रावलको सर्वाधिक ३९ रन

नेपालको ब्याटिङमा ओपनर विन्दु रावलले सर्वाधिक ३९ रनको योगदान दिइन्। उनले ४५ बलको सामना गरी आठ चौका प्रहार गरिन्। इनिङ्सको १०.५ ओभरमा रावलले आफ्नो विकेट गुमाउँदा नेपाल ६२-२ को स्थितिमा थियो। रावलको विकेटपछि नेपालको रनरेट पनि कमजोर बन्यो। नेपालले ६२ देखि ६९ रनको अन्तरमा पाँच महत्त्वपूर्ण विकेट गुमाएको थियो। कप्तान पूजा, कविता जोशी, रुवि पोदार र पूर्वकप्तान रुविना क्षेत्रीको विकेट गुमाउँदा नेपाल लक्ष्यनजिकसम्म पुग्न सकेन।



पूजाले १६ बलमा ११ रन बनाइन्। कविता सामना गरेको तेस्रो बलमै एलबिडब्लू भइन्। रुविले ३ रन तथा रुविनाले २ रन जोडे। त्यसपछि सीता रानामगर र कविता कुँवरले सातौँ विकेटका लागि ३८ रनको साझेदारी गरे। कुँवरले २० बलमा १८ रन बनाइन्। सीताले २२ बलमा १९ रन बनाउन दुई चौका प्रहार गरिन्।

बलिङमा पाकिस्तानकी अनोस नासिरले २० रन खर्चेर तीन विकेट लिइन्। अब नेपालले दोस्रो खेलमा आइतबार भारत 'ए'सँग प्रतिस्पर्धा गर्नेछ। समूह 'ए' मा भारत 'ए', पाकिस्तान 'ए' र युएई छन्। समूह 'बी'मा बंगलादेश 'ए', श्रीलंका 'ए', मलेसिया र थाइल्यान्ड छन्।

नेपाली बलरले दिए अतिरिक्त २० रन

अनुभवी खेलाडीले भरिएको पाकिस्तानविरुद्ध नेपाली बलरले कसिलो बलिङ गर्न सकेनन्। कविता कुँवरले दुई ओभरमा १० रन खर्चेर दुई विकेट हात पारेकी थिइन्। मनीषा उपाध्याय, रिया शर्मा, सीता र रुविनाले समान एक विकेट लिए। पूर्वकप्तान रुविनाले एक विकेट लिन ३६ रन खर्चेकी थिइन्। नेपालले पाकिस्तानको दुई विकेट १९ रन भित्र लिएको थियो।

नेपाली महिला बलरले पाकिस्तानलाई २० अतिरिक्त रन दिएका थिए। यसमा १८ वाइड थियो। तर, कप्तान हस्फा खालिदले ३९ बलमा दुई चौका र एक छक्का प्रहार गरी सर्वाधिक ४० रनको योगदान दिँदा पाकिस्तानको ब्याटिङ इनिङ्स सम्हालिएको थियो। वाहिद अख्तरले १५ बलमा पाँच चौका प्रहार गरी २३ रन बनाइन्। हुरेना सजादले १७ रन बनाइन्।

यस्तो पनि

श्रीलंकाको नाममा सर्वाधिक योगफल


आइसिसीले सन् २००७ मा टी-२० फर्म्याटको विश्वकप सुरु गर्नु आफैँमा ऐतिहासिक थियो। दक्षिण अफ्रिकाले पहिलोपटक विश्वकप आयोजना गर्दा धेरै रेकर्ड बने। यसमध्ये श्रीलंकाले समूह चरणमा केन्याविरुद्ध पहिलो ब्याटिङ गरी सर्वाधिक योगफल खडा गरेको थियो। जोहानसबर्गमा श्रीलंकाले ६ विकेट गुमाएर २६० रनको योगफल बनायो।

प्रत्युत्तरमा केन्या १९.३ ओभरमा ८८ रनमा समेटिँदा श्रीलंका १७२ रनको विशाल अन्तरले विजयी भयो। यो आफैँमा एउटा रेकर्ड थियो। श्रीलंकाका लागि ओपनर सनथ जयसुर्याले विस्फोटक ब्याटिङ गरी ४४ बलमा ११ चौका र चार छक्का प्रहार गरी ८८ रनको योगदान दिएका थिए। महेला जयबर्द्धनेले २९ बलमा नौ चौका र दुई छक्काको सहयोगमा ६५ रन बनाए।

यसैगरी, जेहान मुवारकले १३ बलमा पाँच छक्का र तीन चौकाको मद्दतमा ४६ रन जोडे। केन्याविरुद्ध श्रीलंकाका बलर चामिन्दा भासले चार ओभरमा १५ रन दिएर दुई विकेट लिए। यसैगरी, लाथिस मलिंगाले १२ रन तथा तिलकरत्ने दिल्सानले ४ रन दिएर समान दुई विकेट हात पारेका थिए। दिल्सानले केवल १.३ ओभर बलिङ गरे। केन्याको कमजोर ब्याटिङमा ओबुयाले १८ तथा मिश्राले १६ रन बटुलेका थिए। ओवान्डाले २५ बलमा २१ रन बनाए। सो विश्वकपमा श्रीलंका समूह 'एफ'मा थियो। श्रीलंकाले आफ्नो समूहमा जित निकालेको केन्याविरुद्ध मात्र थियो। यस समूहमा पाकिस्तान र अस्ट्रेलियासँगै बंगलादेश पनि थिए।



नेदरल्यान्ड्समाथि अमेरिका हाबी



आइसिसी टी-२० विश्वकपअन्तर्गत अमेरिकाले युरोपकै बलियो एसोसिएट राष्ट्र नेदरल्यान्ड्सलाई ९३ रनले हराएको छ। समूह 'ए'मा शुक्रबार पहिलो जित निकाल्ने क्रममा अमेरिकाका स्पिनर हर्मित सिंहले २१ रन खर्चेर चार विकेट लिए। चेन्नईमा पहिलो ब्याटिङ गरेको अमेरिकाले २० ओभरमा ६ विकेट गुमाएर १९६ रन जोडेको थियो। प्रत्युत्तरमा नेदरल्यान्ड्सले १५.३ ओभरमा १०३ रनमा समेटियो। यस समूहमा भारत र पाकिस्तानले समान दुई खेलबाट ४ अंक जोडेका छन्। अमेरिका र नेदरल्यान्ड्सले तीन खेलबाट समान २ अंक हात पारेका छन्। अमेरिकाको ब्याटिङमा सैतेजा मुकामलाले ५१ बलमा पाँच चौका र चार छक्का प्रहार गरी सर्वाधिक ७९ रन जोडेका थिए। शुभम रन्जनेले २४ बलमा दुई छक्का र तीन चौकाको सहयोगमा ४८ रन बनाए। नेदरल्यान्ड्सको ब्याटिङमा बास डे लिडले १७ बलमा २३ तथा स्कट एडवाडले १४ बलमा २० रन बटुले।

१९ वर्षपछि जिम्बावेसँग अस्ट्रेलिया पराजित

मुम्बई/ आइसिसी टी-२० विश्वकप क्रिकेट प्रतियोगितामा एकपछि अर्को अप्रत्याशित नतिजा निस्किरहेको छ। प्रतियोगिताअन्तर्गत समूह 'बी'मा जिम्बावेले उपाधि दाबेदार अस्ट्रेलियालाई २३ रनले पराजित गरेको छ। टी-२० विश्वकपमा जिम्बावेले अस्ट्रेलियालाई १९ वर्षपछि स्तब्ध पारेको हो। सन् २००७ मा जिम्बावेले अस्ट्रेलियामाथि पाँच विकेटको जित निकालेको थियो। पहिलो ब्याटिङ गरेको जिम्बावेले २० ओभरमा दुई विकेट गुमाएर १६९ रन बनाएको थियो। प्रत्युत्तरमा अस्ट्रेलियाले १९.३ ओभरमा सबै विकेट गुमाएर १४६ रन मात्र जोड्दा जिम्बावेले ऐतिहासिक जित निकाल्यो।

> टी-२० विश्वकपमा जिम्बावेले अन्तिमपटक सन् २००७ को पहिलो संस्करणमा अस्ट्रेलियालाई पाँच विकेटले स्तब्ध बनाएको थियो

जिम्बावेको जितमा ब्लेसिङ मुजारबानीले घातक बलिङ गरेका थिए। उनले अस्ट्रेलियाका चार खेलाडीलाई पेभेलियन पठाउन १७ रन खर्चेका थिए। हारसँगै अस्ट्रेलिया २ अंकका साथ तेस्रो स्थानमा झरेको छ। अस्ट्रेलियामाथिको जितले जिम्बावे दोस्रो स्थानमा उक्लिएको छ। जिम्बावेले दुई खेलमा शतप्रतिशत नतिजा निकाली ४ अंक जोडेको छ। शीर्ष स्थानमा श्रीलंकाको पनि ४ अंक छ। रनरेटमा श्रीलंका माथि रहेको हो। अब अस्ट्रेलियाले सुपर एटमा स्थान बनाउन अगामी खेल जित्नुपर्ने हुन्छ।

जिम्बावेको दमदार ब्याटिङ

प्रेमादासा रंगशालामा जिम्बावेका शीर्ष चार ब्याटसम्यानले उत्कृष्ट प्रदर्शन गरेका थिए। ओपनर ब्रायन बेनेट र मरुमानीले पहिलो विकेटका लागि ७.३ ओभरमा ६१ रन जोडेका थिए। इनिङ्सको अन्तिमसम्म नटआउट रहेका बेनेटले ५६ बलमा सात चौका प्रहार गरी सर्वाधिक ६४ रन जोडेका थिए। मरुमानीले २१ बलमा सात चौका प्रहार गरी ३५ रन बनाए। रायन बुर्लले ३५ तथा कप्तान सिकन्दर राजाले १३ बलमा २५ रन जोड्दा जिम्बावेले १७० रनको लक्ष्य दियो।

रेनसको एकल प्रयास

लक्ष्य पछ्याएको इनिङ्समा अस्ट्रेलियाले कमजोर सुरुवात गरेको थियो। इनिङ्सको ४.३ ओभरमा चार विकेट गुमाउँदा अस्ट्रेलियाले २९ रन बनाएको थियो। त्यसपछि टेबिस हेड र ग्लेन म्याक्सवेलले पाँचौँ विकेटका लागि ७७ रनको साझेदारी गर्दै टोलीलाई १०६-५ को स्थितिमा राखे। हेडले १५ बलमा १७ रन बनाए। म्याक्सवेलले ३२ बमला ३१ रनको योगदान दिए। त्यसपछि म्याट रेनसले ४४ बलमा ६५ रन बनाउँदै अस्ट्रेलियालाई जितको आशा दिलाए। तर, उनी १८.४ ओभरमा आउट भए। जिम्बावेका ब्राड इभान्सले ३.३ ओभरमा २३ रन दिएर तीन विकेट लिए।

क्यानडामाथि युएईको रोमाञ्चक जित

टी-२० विश्वकपअन्तर्गत समूह चरणमा युएईले क्यानडालाई पाँच विकेटले हराएको छ। क्यानडाले पहिलो ब्याटिङ गरी १५१ रनको लक्ष्य दिएको थियो। युएईले १९.४ ओभरमा पाँच विकेट गुमाएर लक्ष्य भेट्टायो। युएईको जितमा आर्यान्स शर्मा र सोहेब खानले विस्फोटक ब्याटिङ गरे। दुवैले अर्धकतकीय इनिङ्सको योगदान दिए। आर्यान्सले ५३ बलमा ७४ रन जोडे। खानले २९ बलमा ५१ रनको योगदान दिए। बलिङतर्फ क्यानडाका साद बिन जाफरले तीन विकेट हात पारे।

नयाँदिल्लीस्थित अरुण जेटली रंगशालामा क्यानडाले २० ओभरमा ७ विकेटको क्षतिमा १५० रन बनाएको थियो। क्यानडाका हर्ष ठाकेरले अर्धशतकीय इनिङ्स खेलेका थिए। उनले ४१ बलमा तीन छक्का र दुई चौका प्रहार गर्दै ५० रन बनाए। नवनित धालिवालले ३४ तथा श्रेयस मोब्बालेले २१ रन बनाए। बलिङमा युएईका जुनेद सिद्दिकी चार ओभरमा ३५ रन खर्चेर पाँच विकेट लिए। क्यानडा पहिलो खेलमा दक्षिण अफ्रिकासँग ५७ रनले पराजित भएको। युएई न्युजिल्यान्डसँग १० विकेटले हारेको थियो।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com